# लेखापरीक्षण प्रतिवेदन

# दुहुँ गाउँपालिका, दार्चुला

## आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# दुहुँ गाउँपालिका, दार्चुला

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| **स्वतन्त्रता** | *(Independence)* |
| **निष्ठा** | *(Integrity)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |
| **व्यावसायिकता** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश**

**काठमाडौ**

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/448

श्रीमान् अध्यक्षज्यू,
दुहुँ गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, दार्चुला ।

**बिषय - <u>लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा</u> ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष-२०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( थवराज अधिकारी )
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश
काठमाडौ

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/448

श्रीमान् अध्यक्षज्यू ,
दुहुँ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
हिकिला, दार्चुला ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. पालिकाको ८० करोड ३५ लाख ४५ हजारको लेखापरीक्षणबाट रु. १ करोड ८९ लाख ३८ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. १४ लाख १८ हजार फस्यौंट भई असुल गर्नुपर्ने रु ११ लाख ३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू ७४ लाख ५९ हजार र नियमित गर्नुपर्ने रु. ९१ लाख ७३ हजार गरी जम्मा रु १ करोड ७७ लाख ३६ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु ७ करोड ५३ लाख १७ हजार मध्ये रु.२ करोड २ लाख ८४ हजार फस्यौंट भई यसवर्षको रू.२ लाख १५ हजार थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु.७ करोड २७ लाख ६९ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी

स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



( थवराज अधिकारी )
नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७८ | १०७ | १,८९,३७,९०५ | ० | ४४ | १४,१७,५०८ | २,१५,३०० | ७८ | ६३ | १,७७,३५,६९७ | ११,०२,८५५ | ९१,७३,४१७ | ७४,५९,४२५ | ० | ० | १,६६,३२,८४२ | ० |

## अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फर्स्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दार्चुला | ७,५३,१७,४२३ | 0 | २,०२,८४,१०१ | ५,५०,३३,३२२ | 0 | १,७७,३५,६९७ | ७,२७,६९,०१९ |

## बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ७६.२ | सुनौला हजार कार्यक्रम | २,२५,००० |
| २ | २०८१/८२ | ६८ | संचार सुविधा | १६,००० |
| ३ | २०८१/८२ | ८५ | विद्यालयगत लेखापरीक्षण प्रतिवेदन | १,८५,००० |
| ४ | २०८१/८२ | ४५ | भ्रमण भत्ता | १४,२०० |
| ५ | २०८१/८२ | ४९ | भ्रमण खर्च | २,६३,३०० |
| ६ | २०८१/८२ | ४३ | बैठक भत्ता | १,७०० |
| ७ | २०८१/८२ | ४०.२ | बहृमदेव स्वास्थ्य चौकी | ३,८६७ |
| ८ | २०८१/८२ | ४८ | प्रोत्साहन भत्ता | ९६,९८५ |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०८१/८२ | ७० | दोहोरो भुक्तानी | ४५,००० |
| १० | २०८१/८२ | ६९ | जेसिबि आम्दानी | ३२,००० |
| ११ | २०८१/८२ | ५५ | छात्रवृत्ति | १,००,००० |
| १२ | २०८१/८२ | ९६ | गत वर्षको प्रोत्साहन | ५२,०९५ |
| १३ | २०८१/८२ | ४१ | कोटेशन भन्दा बढि भुक्तानी | १,०६,९४७ |
| १४ | २०८१/८२ | ६२.१ | उपभोक्ता पसल सञ्चालन | ३२,८०० |
| १५ | २०८१/८२ | ३१.२ | उपभोक्ता परीचालन | १४,६१४ |
| १६ | २०८१/८२ | ६६ | अतिथि सत्कार | २,२८,००० |
| १७ | २०८०/८१ | २६ | मूल्य अभिवृद्धि कर कट्टी | ३२,१७५ |
| १८ | २०८०/८१ | ६१ | भेरिएशन | १४,१२,१३७ |
| १९ | २०८०/८१ | ४३ | बढी तलब भुक्तानी | २३,४०२ |
| २० | २०८०/८१ | ६० | नन फालइलर | ७,९२,१७७ |
| २१ | २०८०/८१ | ५१ | गोठ सुधार कार्यक्रम: | २,००,००० |
| २२ | २०८०/८१ | ५६ | ओभरहेड | १४,१०३ |
| २३ | २०७९/८० | २६ | शिक्षा तर्फ | ३,५०,००० |
| २४ | २०७९/८० | ९ | लद्यु उद्यम विकास कार्यक्रम | १,३९,८९२ |
| २५ | २०७९/८० | अनुसूची-९ | भुक्तानी | ५८,४७८ |
| २६ | २०७९/८० | ४१ | बैठक खर्च | १,०८,५५० |
| २७ | २०७९/८० | 33 | ठे.नं. १२।२०७७।०७८ Construction of Primary Hospital Building | १,६४,२७,६०० |
| २८ | २०७८/७९ | ९ | बढी खर्च | ३८,००० |
| २९ | २०७८/७९ | ४७ | पेश्की नघटाई मल्य समायोजन : | ७,२७,८२६ |
| ३० | २०७८/७९ | ६३ | आन्तरिक लेखापरीक्षणबाट कायम बेहोरा | ५०,००० |
| ३१ | २०७७/७८ | ४२.२ | मुल्य अभिवद्धीकर कट्टा नगरेको | १८,३१० |
| | | | **जम्मा** | **२,१८,१०,१५९** |

# दुहुँ गाउँपालिका, दार्चुला

# ( ८०७७३५०२३०० )

# दुहुँ गाउँपालिका , दार्चुला

# परिचय

## १ परिचय

**(क) कार्यालय परिचय :**- संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोतसाधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :**- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवम् प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :**- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१।८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।१ देखि २०८२।०५।४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका बेहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका बेहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सो सँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समयसीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तरर्निहित जोखिमहरु सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका वेहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :**- कार्यालयको आर्थिक वर्ष २०८१।८२ को कारोबार रकम रु.८० करोड ३५ लाख ४५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :**- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२१०५१२।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम (रु.) |
|---|---|---|
| १ | पालिकाले पवन सिग्देललाई बढी भुक्तानी भएको रू.५१००।०० मिति २०८२।५।३१ मा राष्ट्रिय वाणिज्य बैंकको भौचर नं.८६८४७३७२ मार्फत बेरुजु खातामा दाखिला गरेको छ । | ५१०० |
| २ | पालिकाले ममता घर्ती मगरलाई बढी भुक्तानी भएको रू.५१००।०० मिति २०८२।५।३१ मा राष्ट्रिय वाणिज्य बैंकको भौचर नं.८६८१३७२२ मार्फत बेरुजु खातामा दाखिला गरेको छ । | ५१०० |
| ३ | पालिकाले प्रशिक्षक भत्तामा बढी भुक्तानी भएको रू.८०००।०० मिति २०८२।५।१६ मा एनआइएमबी बैंकको भौ.नं. ००००८१६७ मार्फत बेरुजु खातामा दाखिला भएको छ । | ८००० |
| ४ | पालिकाले तालिममा सहभागी खाजाखर्चमा बढी भुक्तानी भएको रू.९०००।०० मिति २०८२।६।५ मा राष्ट्रिय वाणिज्य बैंकको भौचर नं.८६७५५४२७ मार्फत बेरुजु खातामा दाखिला भएको छ । | ९००० |
| ५ | भ्रमण खर्चमा बढी भुक्तानी रू.१७८४०।०० | १८७४० |
| ६ | कार्यक्रममा बढी भुक्तानी रू.४४४२।०० | ४४४२ |
| ७ | भ्रमण खर्च र बैठक भत्ता खर्चमा बढी भुक्तानी रू.१२२७३।०० | १२२७३ |
| ८ | कार्यक्रममा खर्च बढी भुक्तानी रू.३४००।०० | ३४०० |
| 9 | पालिकाले पाठ्यपुस्तक अनुदानतर्फ विद्यालयहरुलाई बढी निकासा भएको रकम रू.१२५३५७।०० मिति २०८२।६।२२ मा राष्ट्रिय वाणिज्य बैंकको भौचर नं. ८७१९४६०६ मार्फत बेरुजु खातामा रू.१२५३५७।०० रकम दाखिला गरेको छ । | १२५३५७ |
| 10 | पालिकाले प्रति विद्यार्थी लागत अनुदानतर्फ जनविकास मा.वि. बारबाजलाई बढी निकासा गरेको रकम रू.२००००।०० मिति २०८२।६।२१ मा राष्ट्रिय वाणिज्य बैंकको भौचर नं.८७१९४६२२ मार्फत बेरुजु खातामा रू.२००००।०० दाखिला गरेको छ। | २०००० |
|  | **जम्मा रू.** | **२१०५१२** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नु पर्नेमा सो बमोजिमको वित्तीय विवरण तयार गरी पेश गरेको छैन । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.१ पालिकाको एकिकृत वित्तीय विवरण निम्नानुसार रहेको छ ।

| प्राप्ति (रू.) | | | भुक्तानी (रू.) | | |
|---|---|---|---|---|---|
| विवरण | रकम (रू.) | रकम (रू.) | विवरण | रकम (रू.) | रकम (रू.) |
| १. शुरू मौज्दात | | १४५००१३२.९८ | चालु खर्च | २४७१३८४२८।८० | २४७१३८४२८।८० |
| २.संचित कोष | ६३३२०८.७२ | | १. पालिकातर्फ | १०५६४२८९९।८७ | |
| ३. धरौटी | १२५९७४०४.०० | | २. संघीय सशर्त | १२७७८१६१३।९२ | |
| ४. महिला हिंसा निवारण कोष | १००००० .०० | | ३. संघीय विशेष | ११९९८८८४।०० | |
| ५. प्रकोप व्यवस्थापन कोष | ४१७२५६.२५ | | ४ प्रदेश सशर्त | १६६७७०।०० | |
| ६. विविध खर्च खाता | ४०४७७६.०० | | ५. प्रदेश विशेष | १५४८२६१।०० | |
| ७. कर्मचारी कल्याण कोष | ३४७४८८.०१ | | पुँजीगत खर्च | ५८७४८३९२।६१ | ५८७४८३९२।६१ |
| ८. अन्य कोष | | | १. पालिका तर्फ | ४३५७१३६८।६१ | |
| ९. यसवर्षको आय | | ३११०२२६४४.८० | २. संघीय सशर्त | ३२६३७७०।०० | |
| १०. आन्तरिक आय | ५२७१२८१।७२ | | ३. संघीय विशेष | ० | |
| २. वित्तीय हस्तान्तरण (संघ) | २८१५५७६९३।४४ | | ४. संघीय समपूरक | ० | |
| क) समानीकरण अनुदान | ७८५४६५६०।०० | | ५. प्रदेश सशर्त | ८७४५५५५।०० | |
| ख) राजस्व बाँडफाँट | ५५७७९१३३।४६ | | ६. प्रदेश विशेष | ० | |
| ग) सशर्त अनुदान | १३५२३१९९९।९८ | | ७. प्रदेश समपूरक | ३१६७६९९।०० | |
| घ) समपुरक अनुदान | ० | | अन्तर-सरकारी अख्तियारी (संघ) | | ७५८८२२८१.०० |
| ङ) विशेष अनुदान | १२००००००।०० | | क) सामाजिक सुरक्षा | ५३१०९११७।०० | |
| च) रोयल्टी | | | ख) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १९६५८१०९।०० | |
| छ) अन्य | | | ग) घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र | २४९८४१९।०० | |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | २४१९३६६९.५९ | | घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५२०६३६.०० | |
| क) समानीकरण अनुदान | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ७५२६०००.०० | | ङ) विद्यालय शिक्षा क्षेत्र योजना केन्द्र स्तर | ९६०००।०० | |
| ख) राजस्व बाँडफाँट | १५८९९३४.५९ | | अन्तर-सरकारी अख्तियारी (प्रदेश) | | |
| ग) सशर्त अनुदान | १०३६००००.०० | | ऋण फिर्ता(साँवा) | | |
| घ) समपूरक अनुदान | ३१६९४७४.०० | | ऋणको ब्याज भुक्तानी | | |
| ङ) विशेष अनुदान | १५४८२६१.०० | | धरौटी फिर्ता तथा सदर स्याहा | | ९०३०१५४।०० |
| च) रोयल्टी | | | कार्यसञ्चालन कोषबाट भएको खर्च | | ८१६७१५७।८२ |
| छ) अन्य | | | अन्य कोषबाट भएको खर्च | | |
| ४. अन्तर सरकारी अख्तियारी (संघ) | | ७५८८२२८१.०० | गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | |
| क) सामाजिक सुरक्षा | ५३१०९११७.०० | | अन्य सहयोगमा सञ्चालित योजना | | |
| ख) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १९६५८१०९.०० | | अन्य खर्च भएमा | | |
| ग) घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र | २४९८४१९.०० | | अनुदान फिर्ता | | ५६३७१८२।०८ |
| घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५२०६३६.०० | | १. संघतर्फ | ४१८७७३२।०८ | |
| ङ) विद्यालय शिक्षा क्षेत्र योजना केन्द्र स्तर | ९६०००.०० | | क) सशर्त अनुदान | ४१८६६१६।०८ | |
| ५. अन्तर-सरकारी अख्तियारी (प्रदेश) | | | ख) विशेष अनुदान | १११६।०० | |
| ६. ऋण/ वित्तीय व्यवस्था | | | ग) समपूरक अनुदान | ० | |
| ७. धरौटी आय | | २४६८६८२.०० | २. प्रदेशतर्फ | १४४९४५०।०० | |
| ८. कर्मचारी कल्याण कोष आय | | १०८४४६७।०० | क) सशर्त अनुदान | १४४७६७५।०० | |
| ९. विवध खर्च खाता | | ८४८३२१५।८३ | ख) विशेष अनुदान | ० | |
| १०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | | ग) समपुरक अनुदान | १७७५।०० | |
| ११.अन्य सहयोगमा प्राप्त सञ्चालित योजना | | | अन्तिम मौज्दात | | ८८३७८२७।२६ |
| १२. अन्य आय | | | १. संचित कोषको मौज्दात | १३१८५०।०० | |
| | | | २. धरौटी | ६०३५९३२।०० | |
| | | | ३. महिला हिंसा निवारण कोष | १०००००।०० | |
| | | | ४. प्रकोप व्यवस्थापन कोष | ४१७२५६।२५ | |
| | | | ५. विविध खर्च खाता | ७६३५४६।०१ | |
| | | | ६. कर्मचारी कल्याण कोष | १३८९२४३।०० | |
| **जम्मा (रू.)** | | **४१३४४१४२३।५६** | **जम्मा (रू.)** | | **४१३४४१४२३।५६** |

२.२ पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय

सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) तयार गर्नुपर्दछ । पालिकाले अन्तर-सरकारी अख्तियारी प्राप्त निम्न अनुसार रु.७ करोड ५८ लाख ८२ हजार २ सय ८१ रूपैँया सुत्रमा लेखाङ्कन गरेको छैन भने सुत्रको २७० अनुसूची-१ को विवरणमा कोष, धरौटी थपघटतर्फ समायोजन मात्र भएको छ । जसले गर्दा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **अन्तर-सरकारी अख्तियारीतर्फ** | **बजेट (रु.)** | **खर्च (रु.)** |
|---|---|---|
| क) सामाजिक सुरक्षा | ५३१०९११७ | ५३१०९११७ |
| ख) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १९६५८१०९ | १९६५८१०९ |
| ग) घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र | २४९८४१९ | २४९८४१९ |
| घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५२०६३६ | ५२०६३६ |
| ङ) विद्यालय शिक्षा क्षेत्र योजना केन्द्र स्तर | ९६००० | ९६००० |
| **जम्मा रू.** | **७५८८२२८१** | **७५८८२२८१** |

२.३ यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकिकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय यस वर्षको प्राप्ति रु.९ करोड ३५ लाख ५८ हजार २२९ र यस वर्षको भुक्तानी रु.९ करोड ८७ लाख १६ हजार ७७५ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **क्र.सं.** | **विवरण** | **यसवर्षको प्राप्ति (रू.)** | **यसवर्षको भुक्तानी (रू.)** |
|---|---|---|---|
| १. | सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ३०५३८३०६२ | ३०५८८६८२१ |
| २. | एकीकृत आर्थिक विवरणअनुसार | ३९८९४१२९१ | ४०४६०३५९६ |
| **फरक (रू.)** | | **९३५५८२२९** | **९८७१६७७५** |

२.४ स्थानीयतहमा रहेका कोष तथा धरौटी को आम्दानी खर्चको विवरण निम्नानुसार रहेको छ ।

| **क्र.सं.** | **कोष हिसाबको नाम** | **शुरु मौज्दात (रू.)** | **प्राप्ति (रू.)** | **भुक्तानी (रू.)** | **बाँकि (रू.)** |
|---|---|---|---|---|---|
| 1. | धरौटी | १२५९७४०४ | २४६८६८२ | ९०३०१५४ | ६०३५९३२ |
| २. | महिला हिसां निवारण कोष | १००००० | ० | ० | १००००० |
| ३. | प्रकोप व्यवस्थापन कोष | ४१७२५६ | ० | ० | ४१७२५६ |
| ४. | विविध खर्च खाता | ४०४७७६ | ८४८३२१६ | ८१२४४४६ | ७६३५४६ |
| 5. | कर्मचारी कल्याणकोष | ३४७४८८ | १०८४४६७ | ४२७१२ | १३८९२४३ |
| | **जम्मा (रू.)** | **१३८६६९२४** | **१२०३६३६५** | **१७१९७३१२** | **८७०५९७७** |

३ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्नुपर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा उपाध्यक्ष श्री शान्ति बमले मिति २०८१।०३।०७ गते रु.३३ करोड ७४ लाख ६२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । पालिकाले अख्तियारी बमोजिम तोकिएको काममा प्रभावकारिता ल्याउनुपर्दछ ।

### ४ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भए अनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवम् सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

### ५ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

### ६ आन्तरिक नियन्त्रण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन् ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन,
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची-११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यसवर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन,
- कार्यालयको श्रेष्ता र बैंकबीचको हिसाव फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन,
- अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको पाइएन,
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी रहेको पाइयो,

- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो,
- वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अद्यावधिक गरेको पाइएन,
- साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजसिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई निरन्तरता दिनुपर्ने वा अन्य कारणले भविष्यमा पुनरावलोकन गर्नुपर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन गरी संस्थागत सम्झना/अभिलेखको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ,
- कतिपय सडक तथा कुलो÷नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुनसक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ ।
- जुनसुकै निर्माण कार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भएता पनि लागत अनुमानवेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ,
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाइएन,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्नेमा तोकेको पाइएन,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यसवर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन,
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन,
- वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार गरेको पाइएन,
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारी ९८ जनाको दरबन्दी रहेकोमा २८ जना पदपूर्ति भई ७० पद रिक्त रहेको पाइयो । पालिकाले रिक्त पदपुर्तिका लागि लोकसेवा आयोगमा माग गरी पठाएको देखिएन,
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन,
- सुदुरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ दफा ४७ को उपदफा २ बमोजिम तलबी प्रतिवेदन पारित नगरी रू.३ करोड ६४ लाख ५ हजार ६सय ६ रूपैँया ७ पैसा तलब खर्च लेखेको पाईयो,
- मिति २०८२।३।१५ मा प्रदेश राजपत्रमा प्रकाशित सुदूरपश्चिम प्रदेश स्थानीय सेवाको (गठन तथा सञ्चालन ) ऐन, २०८१ को दफा ७ बमोजिम कार्यविवरण वनाई लागु गरेको पाइएन,
- पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक गरेको छैन र

- पालिकामा चल-अचल सम्पत्ति, दायित्व तथा अभिलेखहरू समाहित हुने व्यवस्थाअनुसार पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गर्नुपर्ने कुरा विगतका प्रतिवेदनहरूमा उल्लेख भए तापनि सो व्यवस्थाको प्रभावकारी कार्यान्वयन भएको पाइएन ।

  तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ७ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१) को अनुसूची-२ मा स्वीकृत वार्षिक कार्यक्रममा प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिकमा सञ्चालन गर्ने गरी कामको परिमाण र खर्च रकम उल्लेख गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष कुल पुँजीगत खर्च रु.५ करोड ८७ लाख ४८ हजार मध्ये चौथो त्रैमासिकमा रु.३ करोड २७ लाख २९ हजार (५४ प्रतिशत) र असार महिनामा मात्र रु.२ करोड १६ लाख ३७ हजार (३६.८३ प्रतिशत) खर्च गरेको छ। स्वीकृत बजेट तथा कार्यक्रम प्राप्त भएपछि प्रथम त्रैमासिकभित्र खरिद सम्झौता गर्न नसक्दा आर्थिक वर्षको अन्त्यतिर खर्चको भार परेको देखिन्छ। आर्थिक वर्षको अन्त्यमा मात्र काम गराउँदा कामको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी गुणस्तर कायम गर्न समेत कठिनाई पर्ने हुँदा स्वीकृत कार्यक्रम अनुसार समयमै पुँजीगत खर्च गर्नुपर्दछ।

| क्र.स. | बजेट उपशीर्षक | कुल खर्च (रू.) | | त्रैमासिक खर्च (रू.) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | असार महिना |
| १ | पूँजिगत खर्चतर्फ | ५८७४८ | ० | ५४९६ | २१५२३ | ३१७२९ | २१६३७ |
| | **प्रतिशत** | **१००** | **०** | **९.३५** | **३६.६३** | **५४.०१** | **३६.८३** |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.५ करोड ८७ लाख ४८ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रू. शुन्य अर्थात् शुन्य प्रतिशत, दोश्रो त्रैमासिकमा रू.५४ लाख ९६ हजार अर्थात् ९.३५ प्रतिशत, तेश्रो त्रैमासिकमा रु.२ करोड १५ लाख २३ हजार, अर्थात् ३६.६३ प्रतिशत र चौथो त्रैमासिकमा रु.३ करोड १७ लाख २९ खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रू.२ करोड १६ लाख ३७ हजार अर्थात् ३६.८३ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

## ८ सम्पत्ति हस्तान्तरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चलल-अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०८२ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

## ९ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको आर्थिक बर्ष २०८१।०८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन (रू.) | खर्च (रू.) | जम्मा खर्चको तुलनामा खर्च (प्रतिशतमा) |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | १३९८५००० | १२७४२८८६।१२ | ४.१७ |
| २ | सामाजिकविकास | १५७८९७००० | १४२४७८३४१ | ४६.५८ |
| ३ | पूर्वाधारविकास | ६६७६२२०८।७२ | ५७४४८५८८।६१ | १८.७८ |
| ४ | सुशासनतथा अन्तरसम्बन्धित क्षेत्र | ११०७३००० | १०२१८१७७ | ३.३४ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | ८९१४५००० | ८२९९८८२८।६७ | २७.१३ |
| **कुल जम्मा (रू.)** | | **३३८८६२२०८.७२** | **३०५८८६८२१.४** | **१००** |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४६.५८ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा घटीमा ३.३४ प्रतिशत रहेको छ। स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।

## १० खर्च बिश्लेषण

पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रू. ५२ लाख ७१ हजार २ सय ८१ रूपैँया ७२ पैसा, राजस्व बाँडफाँट र अनुदानबाट रू. ३० करोड ५७ ला ५१ हजार ३ सय ६३ रूपैँयासमेत रु.३१ करोड १० लाख २२ हजार ६ सय ४४ रूपैँया ८ पैसा आम्दानी भएकोमा चालुतर्फ रू. २४ करोड ७१ लाख ३८ हजार ४ सय २८ रूपैँया ८ पैसा र पुँजीगततर्फ रू. ५ करोड ८७ लाख ४८ हजार ३ सय ९२ रूपैँया ६१ पैसा गरी रू.३० करोड ५८ लाख ८६ हजार ८ सय २१ रूपैँया ४ पैसा खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.७२ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.५४ लाख १८ हजार खर्च भएको छ जुन आन्तरिक आयको १०२.७८ प्रतिशत हुन आउँछ । पालिकालाई प्राप्त भएको आन्तरिक आय, सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८०.७९ प्रतिशत चालु खर्च र १९.२१ प्रतिशतमात्र पुँजीगत खर्चमा भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ११ विविध खर्च

महालेखा नियन्त्रक कार्यालयद्वारा प्रकाशित एकीकृत आर्थिक संकेत तथा बर्गिकरण र व्याख्या, २०७४ अनुसार खर्च संकेत नं. २२७११ विविध खर्च शीर्षकबाट वार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरू सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शीर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । पालिकाको विविध खर्च शीर्षकमा रू.१४ लाख ८८ हजार १ सय ६५ रूपैँया खर्च गरेको छ । उक्त खर्च अन्तर्गत अधिकांश खर्च खानाखाजा खर्च भनि बिल पेश हुने गरेको छ । खर्च संकेतको बर्गीकरणमा उल्लेख भए अनुसार स्वागत कार्यक्रमको चियापान, भोज सम्बन्धी, सुरक्षा, प्रतिनिधि मण्डलको स्वागत कार्य भएको पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी बिलमात्र पेश हुने गरेको छ । पेश भएका बिलबाट मात्र खर्च पुष्टि हुने देखिदैन । खर्चको पुष्टि हुने कागजात तथा उपस्थिति लगायतका प्रमाण पेश गर्नुपर्दछ । औचित्य पुष्टि नहुने खर्चलाई नियमित मान्न सकिदैन । प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरी यस्तो खर्वेमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ११ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## १२ ईन्धन तथा मर्मत सम्भार खर्च

सवारी साधन र मेशिनरी सञ्चालनको अभिलेखका लागि मलेप फारामको व्यवस्था छ । म.ले.प. फाराम ९०५ बमोजिम सवारीसाधन सञ्चालन लगबुक अद्यावधिक गर्नुपर्ने र म.ले.प. फाराम ९०६ बमोजिम त्यस्ता सवारीसाधन र मेशिनरीको मर्मत अभिलेख अध्यवधिक गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस्ता अभिलेख अध्यवधिक गरी राखेको छैन । म.ले.प. फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्धति लागु गर्नुपर्दछ ।

## १३ प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखि कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृतसहित ९८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २८ जना पदपूर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत, इन्जिनियर, जनस्वास्थ्य अधिकृतसहित ७० पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्यसम्पादनमा असर परेको स्थिति छ । अतः यसतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

## १४ कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ८६ जना कर्मचारीहरु करारमा राखि रू. २ करोड १८ लाख ७७ हजार खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले नगर/गाउँ प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैँचे लगायतका पद वाहेकको विभिन्न ४० पदमा जना करार नियुक्ति गरी बर्षभरीमा रू. १ करोड २७ लाख ३२ हजार भुक्तानी गरेको देखियो । अतः पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्न ध्यान जानुपर्दछ ।

## १५ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

## १६ योजना छनौट र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजनाको अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यसवर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| क्र.सं. | विवरण | योजना संख्या |
|---|---|---|
| १. | रू. ५०हजार भन्दा कमको योजना | १९ |
| २. | रू. ५० हजार भन्दा बढि १ लाखसम्मको योजना | २२ |
| ३. | रू. १ लाख देखि पाँच लाखसम्मका योजना | २४ |
| ४. | रू. ५ लाख देखि १० लाख सम्मका योजना | ३ |
| ५. | रू. १० लाख एकदेखि ५० लाखसम्मका योजना | १० |
| ६. | रू. ५० लाख भन्दा माथिका | ७ |
| | **जम्मा** | **८५** |

उपरोक्त विवरण अनुसार पालिकाले यसवर्ष रू.५० हजार भन्दा कमका योजना देखि ५० लाख माथिका ८५ वटा योजना सञ्चालन गरेकोमा रू. १ लाख भन्दा मुनिका मात्र ४१ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू सञ्चालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनुपर्ने, सञ्चालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्थातर्फ ध्यान दिनुपर्दछ ।

## १७ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३९ वटा ऐन, ५ वटा नियमावली, ७६ कार्यविधि लगायत १०७ वटा कानून निर्माण गरी कार्यान्यिनमा रहेका छन् । साथै पालिकाले उक्त कानूनहरु निर्माण गरी राजपत्रमा प्रकाशन गरेको छ ।

## १८ सेवा प्रवाह स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था ५८ वटा कानुन निर्माण गरी कार्यान्वियनमा ल्याएको छ । यस वर्ष पालिकाबाट देहाय अनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

| क्र.सं. | विवरण | सेवा प्राप्तिका लागी निवेदन संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | नागरिकता सिफारिस | २५५ | २५५ | |
| २. | घरबाटो सिफारिस | १८ | १८ | |
| ३. | नाता प्रमाणित | १४५ | १४५ | |
| ४. | जन्म, मृत्यु, विवाह, वसाइँसराइ, सम्वन्धविच्छेद दर्ता | ४४३ | ४४३ | |
| ५ | अन्य | - | - | |

## १९ मध्यमकालीन संरचना

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहित प्रस्तावित योजनाको उद्देश्य, खर्च छुट्याउनु पर्ने आवश्यकताको पुष्ट्याइँ, योजना कार्यान्वयन हुने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण, खर्च व्यहोर्ने स्रोत, प्रतिफल र उपलब्धिको प्रक्षेपण, योजनाको मध्यमकालीन खर्च रणनीति र त्यसको वार्षिक खर्चसँगको तादात्म्यता तथा गत आर्थिक वर्षमा

विनियोजित खर्चअनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरणसहित मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले सो बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्न बाँकी रहेको देखिन्छ। अतः ऐनमा व्यवस्था भएबमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने देखिन्छ ।

२० **प्रगति प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी तोकिएको निकायमा पेस गर्नुपर्ने व्यवस्था छ । तर यस कार्यालयले नियमानुसार तोकिएको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । अतः तोकिएको ढाँचामा वार्षिक तथा त्रैमासिक प्रगति विवरण तयार नगर्ने जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाउनुपर्ने देखिन्छ ।

२१ **सार्वजनिक सम्पत्तिको रेखदेख**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत-सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। तर यस पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत-सम्भार एवं संरक्षण गरेको र सोको अद्यावधिक अभिलेख राखेको पाइएन। अतः ऐनको व्यवस्थाबमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रका यस्ता सम्पत्तिहरूको रेखदेख, मर्मत-सम्भार तथा संरक्षण गर्नुका साथै व्यवस्थित अभिलेख राख्नुपर्ने देखिन्छ ।

२२ **सम्पत्ति व्यवस्थापन र सुरक्षा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको अवस्थाबारे वर्षमा एक पटक आफैँ वा मालसामान जिम्मा लिने बाहेकका अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी निरीक्षण गराउनुपर्ने व्यवस्था छ। सो समितिले निरीक्षण पश्चात् महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्दछ। उक्त प्रतिवेदनमा मर्मत-सम्भार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति एवं जिन्सी मालसामानको स्पष्ट विवरण खुलाउनुपर्ने हुन्छ। तर, यस कार्यालयले मर्मत-सम्भार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति र जिन्सीको छुट्टै विवरण संलग्न गरी प्रतिवेदन तयार गरेको देखिएन। अतः नियमानुसारको प्रक्रिया पूरा गरी यस्तो विवरण प्रतिवेदनमा समावेश गरी सुधार गर्नुपर्ने देखिन्छ ।

२३ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन । पालिकाले यस वर्ष ३९ जनालाई रू. ९ लाख १४ हजार वितरण गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

२४ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्यादभित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ । पालिकाको यसवर्ष म्याद नाघेको पेश्की नरहेको र म्याद ननाघेको पेश्की निम्न कर्मचारी तथा संस्थालाई दिएको निम्नानुसारको पेश्की रु.१ करोड ६४ लाख ६० हजार ८ सय ३२ रूपैँया फर्स्यौट गर्न बाँकी रहेकोले पेश्की नियमानुसार असुल फर्स्यौट गर्नुपर्दछ ।

| पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | जम्मा बाँकी पेश्की (रू.) | | |
|---|---|---|---|---|---|---|
| | | | | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| निर्माण व्यवसायी | | | | | | |
| २०८२/ ०३/ ३२ | २१० | सडक तथा पूल निर्माण | सोनि निर्माण सेवा | १,८१,१२४ | ० | १,८१,१२४ |
| | | | जगदम्बा कौशिक यमुनाजे.भी. | १,४४,४९,००० | ० | १,४४,४९,००० |
| जम्मा (रू.) | | | | | ० | १,४६,३०,१२४ |
| संस्थागत | | | | | | |
| २०८२/ ०३/ ३२ | ८७९ | कार्यक्रम खर्च | मानसरोवर रेष्टुरेन्टएण्ड बार | ५,००,००० | ० | ५,००,००० |
| २०८२/ ०३/ ३२ | ८७९ | कार्यक्रम खर्च | समैजी बाख्रापालनउद्योग | ४,००,००० | ० | ४,००,००० |
| जम्मा (रू.) | | | | ९,००,००० | ० | ९,००,००० |
| उपभोक्ता समिति | | | | | | |
| २०८२/ ०३/ ३२ | २१० | सडकतथा पूल निर्माण | भाडीझो.पु. निर्माणउपभोक्ता समिति | ९,३०,७०८ | ० | ९,३०,७०८ |
| जम्मा (रू.) | | | | ९,३०,७०८ | ० | ९,३०,७०८ |
| **कुल जम्मा (रू.)** | | | | **१,६४,६०,८३२** | **०** | **१,६४,६०,८३२** |

२५ **अधुरा आयोजना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।

| **क्र.सं.** | **कामको विवरण** | **निर्माण व्यवसायीको नाम** | **सम्झौता मिति** | **सम्पन्न गर्नुपर्ने मिति** | **हालसम्मको खर्च (रू.)** |
|---|---|---|---|---|---|
| १ | **Construction of Primary Hospital Building.** | M/S Jagadamba/Kaushil/Yamuna J/V Buddhanagar १०, Kathmandu | ३/२४/२०७८ | ९/३०/२०८२ | ८२९६०२५११।१५ |
| २. | Construction of Ward No. 1 Pipalchauri Ward Office Building | Rithgade Construction, Byans Rural Municipality-०५, Darchula | १०/३/२०८१ | १२/३०/२०८२ | ८८७२१६११।०२ |
| ३. | Construction of Ward No. ०३ Brahmdev Ward Office Building | Harikala Construction, Mahakali-०५, Darchula. | १०/३/२०८१ | १२/३०/२०८२ | ८०३६८२७।४८ |
| ४. | आ. वि. पाँसु भवन निर्माण योजना क्रमागत | श्रीब्रह्म आ. वि. पाँसु वि. व्य. स. | १२/२०/२०७९ | १२/३०/२०८२ | ४९५१३९२।४१ |
| **जम्मा रू.** | | | | | **१०४८२०६३२।०६** |

२६ **कन्टिन्जेन्सी खर्चको अभिलेख**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पुँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । पालिकाले

योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट चार प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व. २०८१।८२ मा कन्टिन्जेन्सी बापत रु.५२ लाख २८ हजार कट्टी गरेकोमा रु.४३ लाख ६५ हजार खर्च लेखेको छ। यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । अतः यसतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

**२७ आन्तरिक लेखापरीक्षण**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

**२८ रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधीनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । पालिकाले विभिन्न बैठकबाट २५ वटा कार्यक्रम घटाएर ५० वटा योजनामा रु. २ करोड ०८ लाख ६३ हजार थप गरी रकमान्तर गरेको छ । शुरु बजेट विनियोजन भएका योजना कटौती गरी पटके निर्णयबाट नयाँ योजनाको लागि रकमान्तर गरी खर्च गर्ने परिपाटी बजेट सिद्धान्त विपरित देखिन्छ । अतः यसरी रकमान्तर गर्ने परीपाटीमा नियन्त्रण गर्न पालिकाको ध्यान जानुपर्दछ ।

**२९ कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । साथै मिति २०८२।३।१५ मा प्रदेश राजपत्रमा प्रकाशित सुदूरपश्चिम प्रदेश स्थानीय सेवाको (गठन तथा सञ्चालन ) ऐन, २०८१ को दफा ६८ (१) मा योगदानमा आधारित निवृत्तिभरण र प्रदेश तथा स्थानीय सेवामा कार्यरत कर्मचारीको सुविधा उपलब्ध गराउन प्रदेशमा एक कोष रहने र उपदफा ८ मा स्थानीय तहबाट प्रदान गरिने निवृत्तिभरण, उपदान, उपचार खर्च, विशेष आर्थिक सुविधा, संचित बिदा बापतको रकम भुक्तानी सोही कोषबाट हुने व्यवस्था छ । पालिकाले गतवर्षको शुरु मौज्दात रु.३ लाख ५ हजार रहेकोमा यसवर्ष आन्तरिक स्रोतबाट कर्मचारी कल्याणकोषमा रु.१० लाख ८४ हजार ट्रान्सफर गरेको छ । पालिकाको कोषबाट मात्र उक्त कोषमा हस्तान्तरण गर्ने तर कर्मचारीबाट ऐनमा भएको ब्यवस्था बमोजिम योगदान भएको देखिएन । अतः ऐनमा भएको ब्यवस्था बमोजिम कार्यान्वयन गर्न पालिकाको ध्यान जानुपर्दछ ।

**३० गतवर्षको भुक्तानी बाँकी विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०८०।०८१ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु.१ करोड ४० लाख ३३ हजार भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणित गराएको आधारमा यो बर्ष २०८१।८२ को बजेटमा गतबर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामासमेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवम् कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिन्छ । बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामाबाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च नगर्ने गरी व्यबस्था मिलाउनुपर्दछ । अतः यसरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्न पालिकाको ध्यान जानुपर्दछ ।

**३१ उपभोक्ता परीचालन**

३१.१ **क) लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिकोतर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको

खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागितासहितका लागत अनुमान तयार गरेको देखिएन। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

**ख) उपभोक्ता समिति दर्ता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । पालिकाले यो बर्ष रू. ८ करोड २३ लाख २९ हजार २८ रूपैँया लागत अनुमान भएका विभिन्न ८५ वटा उपभोक्ता समितिसँग रू. २ करोड ४३ लाख ५४ हजार ७ सय ८३ रूपैँयाको सम्झौता गरी रू.२ करोड १३ लाख ७९ हजार ७ सय २७ रूपैँया ६९ पैसा भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुनाले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

**ग) गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

३१.२ **फरक नर्म्सको प्रयोग** - सार्विजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) अनुसार सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सको आधारमा गर्नुपर्ने उल्लेख छ । नेपाल सरकार सडक विभाग सडक निर्माण कार्यको स्विकृत नर्म्स, २०७५ सडक सम्बन्धी निर्माण कार्यमा लाग्ने ज्यामी तथा सामग्री परिमाण उल्लेख उल्लेख छ । तर पालिकाले दररेट निर्धारण गर्दा भवन विभागवाट स्वीकृत भवन निर्माण नर्म्स प्रयोग गरी लागत अनुमान तयारी तथा भुक्तानी गरेकोले निम्न अनुसारको निर्माणकार्यमा बढी भुक्तानी भएकोले नर्म्स विपरीत लागत अनुमान तयार गरी बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रू.

| क्र.सं. | गो.भौ. नं. र मिती | योजना र उपभोक्ता समिति नाम | आईटम | परीमाण (घ.मि.) | हुनुपर्ने | भएको | बढी दर | बढी मुल्याङ्कन | जनश्रदान बाहेक असुल गर्नुपर्ने (रू.) |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | ४६।८१।१०।२४ | मालघारी जिम्तोली सडक उ.स. | पि.सि.सी.१:३:६ | १०.५८ | | १६१५५ | २५१२ | २६००५ | २२७७८ |
| २. | ६०।८१।११।६ | खातीगाउ पनिखल बाटो पिसिसि उ.स. | पि.सि.सी.१:३:६ | ८.३१ | | १६९९३ | २५१२ | २०८७४ | १९१६८ |
| ३. | ६४।८१।११।१२ | तिंकर हुनैनाथ सडक उ.स. | पि.सि.सी.१:३:६ | १३.५५ | | १६८२२ | २५१२ | ३४०४७ | ३०८४१ |
| ४. | १०१।८१।११।१९ | खोतिगाउ तिंकर सडक उ.स. | पि.सि.सी.१:३:६ | ७.५ | | १६४६३ | २५१२ | १६३२८ | १३८७८ |
| ५. | १२३।८२।१।४ | सल्लागौर भारणी पिसिसि उ.स. | पि.सि.सी.१:३:६ | १८.२७ | | १७३२१ | २५१२ | ४५८९४ | ३९०१० |
| ६. | ३९।८१।१०।१३ | ठुलढुङ्गा कापाटे बाटो निर्माण निर्माण समिति | सुख्खा ढुङ्गाको गाह्रो | ६९.८७ | ४०१६ | ४६०२ | ५८६ | ४०९४३ | ३४८०२ |
| **जम्मा रू.** | | | | | | | | | **१६०४७७** |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१४,६१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२५,६७५ |

### ३२ एक पालिका एक नगदे वाली प्रवर्द्धन

सुदूरपश्चिम प्रदेश सरकार स्थानीय तहमा वित्तीय हस्तान्तरीत कृषि तथा पशुपक्षि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ अनुसार प्राप्त आवेदनहरूको प्राविधिकद्धारा स्थलगत निरीक्षण गरी प्रतिवेदन बुझाउने, सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय-समयमा अनुगमन गर्नुपर्ने, बुँदा नं. ८(५) अनुसार लाभग्राहीकोतर्फवाट सम्पादन हुने रकम सुनिश्चिताको लागी सम्झौता अघि सुरक्षण जमानत लिनुपर्ने व्यवस्था छ । तर पालिकाले प्रदेश सरकार हस्तान्तरित कार्यक्रम अन्तर्गत देहायअनुसार कृषि, पशु, फर्म समूहलाई रू. ९८३९११।०० अनुदान दिएकोमा पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै कार्यविधि अनुरुप सुरक्षण जमानत नलिएको तथा अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| क्र.सं. | गो भौ न | क्रियाकलाप | अनुदानग्राही | अनुदान रकम (रू.) |
|---|---|---|---|---|
| १. | १०।८२।३।१९ | उत्पादनमा आधारित अनुदान | १३ जना ब्यक्ति संस्था | १२६७७० |
| २. | १०।८२।३।१९ | १ पालिका १ नगदे वाली प्रवर्द्धन | रितु पशुपक्षी तथा फलफुल फर्म | १००३१२ |
| ३. | १०।८२।३।१९ | १ पालिका १ नगदे वाली प्रवर्द्धन | केहि गरी खान देउ कृषि फर्म | १३४३६५ |
| ४. | १०।८२।३।१९ | १ पालिका १ नगदे वाली प्रवर्द्धन | महादेव फलफुलवारी फर्म | १०५००० |
| ५. | १०।८२।३।१९ | १ पालिका १ नगदे वाली प्रवर्द्धन | मालघाटी तरकारी फलफुल नर्सरी | ९९४६८ |
| ६. | २६।८२।३।१९ | १ पालिका १ नगदे वाली प्रवर्द्धन | दुर्गा भगवती कृषक समुह | १४३१५६ |
| ७. | २९।८२।३।२० | १ पालिका १ नगदे वाली प्रवर्द्धन | गाँउबेशि कृषक समुह | १४०४७५ |
| ८. | २२।८२।३।१८ | १ पालिका १ नगदे वाली प्रवर्द्धन सिचाई ट्याङ्कि | केहि गरी खान देउ कृषि संस्था | १३४३६५ |
| **जम्मा रू.** | | | | **९८३९११** |

### ३३ पुँजीगतवाट चालु खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा सम्बन्धित शिर्षकबाट खर्च गर्नुपर्ने र एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा स्थानीय तहले पालना गर्नुपर्ने बजेट शीर्षक समेतको व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार निम्नानुसार पुँजीगत शीर्षकमा विनियोजित बजेटबाट चालु प्रकृतिको रू.१ लाख ४५ हजार खर्च गरेको देखियो। विनियोजित बजेट तथा आर्थिक संकेत तथा बर्गिकरण र ब्याख्या भन्दा फरक गरी गरेको खर्च नियमसम्मत देखिदैन । अतः यसरी खर्च गर्ने परीपाटीमा नियन्त्रण हुनुपर्दछ ।

| क्र.सं. | गो. भौ.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | जम्मा (रू.) |
|---|---|---|---|---|
| १. | ५।८१।८।१२ | देव बहादुर बम | बिद्यार्थी पुरस्कार | ७५००० |
| २. | १८१।८२।३।१६ | विभिन्न ५ जना | आर्थिक सहायता | ५०००० |
| ३. | १६।८१।९।१ | प्रगतिशिल जोशि समाज | खेलकुद | १०००० |
| ४. | १८५।३।१७ | देव बा बम | आर्थिक साहायता | १०००० |
| **जम्मा रू.** | | | | **१४५०००** |

३४ **दश सैया अस्पताल निर्माण**

पालिकाको दश सैया अस्पताल निर्माण कार्यका लागि स्वीकृत रू. ११ करोड ९८ लाख ८५ हजार ४ सय ९६ रूपैँयाको लागत अनुमानका आधारमा बोलपत्रका माध्यमवाट छनौट भएका निर्माण व्यवसायी जगदम्बा कैशिक यमुना जे.भी.संग मिति २०८०।३।२० सम्ममा निर्माण सम्पन्न गर्ने गरी मिति २०७८।३।२४ मा रू. ८ करोड २९ लाख ६० हजार २ सय ५१ रूपैयाँ (मू.अ.करसमेत) को सम्झौता भएकोमा दुई पटक सम्म अवधि थप भई मिति २०८२।९।३० सम्म कायम भएको छ । यसबर्ष मिति २०८२।३।१५ सम्ममा प्रथम रनिङ्ग बिल वापत रू. ९० लाख ९१ हजार ५ सय ३६ रूपैँया भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार रहेका छन् ।

३४.१

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा व्यवसायी वा आपूर्तिकर्ताले कारणसहित खरिद सम्झौताको म्याद थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सकिने र यस्तो निवेदन २१ दिन अगाबै दिनुपर्ने व्यवस्था छ । यसैगरी निर्माण व्यवसायीको कारण अवधि थप गर्नुपर्ने नियमावली १२१ पुर्वनिर्धारित क्षतिपुर्ति लिई म्याद थप गर्न सकिने व्यवस्था छ । तर कार्यपालिकावाट दुई पटक अवधि थप गरी सम्झौताको म्याद मिति २०८२।१०।३० कायम भएको छ । पहिलो म्याद थप पश्चात कायम भएको अवधि २०८२।३।२५ सम्ममा कार्यसम्पन्न गर्न गरेको प्रयासको प्रयाप्त विश्लेषण वेगर हर्जना नलिई निर्माण कार्यको अवधि थप गरेको छ । पहिलोपटक म्याद थप भएको अवधिमासमेत कार्यसम्पन्न नभएको अवस्थामा हर्जना नलिई म्याद थप गर्नु उचित देखिएन । निर्माण व्यवसायीले पर्याप्त प्रयासका वाबजुत पुर्वअनुमान गर्न नसकिने कारणवाट म्याद थप गर्नुपर्ने भएमा वास्तविक ढिलाई भएको अवधि र कारण विश्लेषण गरी हर्जानासमेत लिएर मात्र म्याद थप गर्नुपर्दछ ।
- सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(३,४) मा व्यवसायीले शूरु सम्झौता देखि त्रुटि सच्च्याउने अवधि सम्मको निर्माण कार्य, कामदार, मेशनरी लगायतको बिमा गर्नुपर्ने उल्लेख भएकोमा निर्माण व्यवसायीवाट बिमा गरेको पाईएन ।
- सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५२(२) खरिद सम्झौतामा बोलपत्रसम्बन्धी कागजात, प्रस्ताव सम्बन्धी कागजातमा उल्लिखित शर्तहरु समावेश गर्नुपर्ने उल्लेख छ । तर कार्यालयवाट भएको अस्पतालको सम्झौतामा बोलपत्रसम्बन्धी कागजातमा समावेश भएका सामान्य शर्त बिशेष शर्त समावेश नगरी सम्झौता अवधि, रकम मात्र खुलाईएको सम्झौता पत्र लेखापरीक्षणमा पेश भएकोले पेश्कि, बिमा, पुर्बनिर्धारित क्षतिपुर्ति, अवधि थप, छुट लगायतका पक्षमा बिश्लेषण गर्न सकिएन । ऐन बमोजिम सम्झौता गर्नुपर्दछ ।
- सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११३(१) आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई ऐनको दफा ५२क. को अधिनमा रही खरिद सम्झौतामा व्यवस्था भए बमोजिम पेश्की दिन सकिने तथा उपनियम (६) मा निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको काम सम्झौतामा उल्लिखित समयावधिभित्र सम्पादन नगरेको कारणले यस नियम बमोजिमको पेश्की फर्स्यौट हुन नसकेमा सार्वजनिक निकायले उपनियम (३) बमोजिमको बैंक जमानतको रकम सम्बन्धित बैंकबाट प्राप्त गरी पेश्की फर्स्यौट गर्नुपर्ने ब्यवस्था छ । निर्माण कार्य पहिलो पटकको म्याद थपको अवधि समाप्तिमा १० प्रतिशत मात्र कार्य प्रगति भएको तथा मिति २०७८।३।२४ मा दिईएको पेश्कि रू. ५८ लाख फर्स्यौट नहुँदै पुनः मिति २०८२।३।२५ मा रू. ८६ लाख ४९ हजार पेश्कि दिएको पाईयो । पेश्कि दिने तथा फर्स्यौट गर्ने शर्तहरु सम्झौतासँग संलग्न नभएकोले कार्यालयवाट दिएको

पेश्कि सम्झौताका शर्त अनुकुल छ छैन भन्ने बिश्लेषण गर्न सकिएन । सम्झौता भएको लामो समयसम्म निर्माण कार्य शूरुवात नभएको, हर्जनासमेत नलिई पटक-पटक म्याद थप भएको सम्झौताका लागि थप पेश्कि दिने कार्य उचित देखिएन ।

३४.२ **कार्यसम्पादन जमानत** - सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७(४) बोलपत्रदाताले लागत अनुमानभन्दा पन्ध्र प्रतिशतसम्म कम अंक कबुल गरेमा कबुल अंकको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशतभन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशतभन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अंकको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको लागत अनुमान रू. ११ करोड ९८ लाख ८५ हजार ४ सय ९६ छयानब्बे (कन्टिजेन्सी बाहेक) रहेको तथा ब्यवसायीले कबुल गरेको रकम रू. ८ करोड २९ लाख ६० हजार २ सय ५१ रूपैंया रहेको अवस्थामा कार्यसम्पादन जमानत रू. १ करोड ३६ लाख १९ हजार २ सय २३ रूपैंया हुनुपर्ने देखिन्छ । तर निर्माण व्यवसायीवाट कृषि बिकास बैकवाट जारी १३ डिसेम्बर २०२७ सम्म मान्य अवधि भएको रू.१ करोड ६ लाख २७ हजार ६ सय रूपैंयाको मात्र जमानत पेश भएकोले ऐनको व्यबस्था बमोजिम घटि भएको रू. २९ लाख ९१ हजार ६ सय २३ रूपैंयाको थप कार्यसम्पादन जमानत पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २९,९१,६२३ |

३५ **टुक्रा पारी खरिद**

संघीय सरकार शसर्त कार्यक्रम अन्तर्गत टिकर सडक देखि हुनैनाथ गौरीमाण्डौ सडक निर्माण कार्यका लागि रू.३३ लाख ८१ हजार १ सय ७ रूपैंयाको लागत अनुमानका आधारमा ठेक्का सम्झौता भई मिति २०८२।३।६ मा कार्यसम्पन्न भएकोमा सोहि सडक निर्माण कार्यमा ठेक्काबाट बचत भएको रकमले पुनः सोही बाटोमा निर्माण कार्य गर्ने गरी कोटेशनमार्फत कार्य गराई क्रमशः रू. ९ लाख ८२ हजार ३ सय ९७ रूपैंया र रू. ९ लाख ८२ हजार ८ सय ४५ रूपैंया खर्च लेखेको पाईयो । ठेक्काबाट बचत रकमवाट लागत अनुमान टुक्रा गरी तथा एक ठेक्का कार्यान्वियन रहेको अवस्थामा रहेको बखत सोही प्रकृतिको कामका लागि पुनः अर्को ठेक्का लगाएको मनासिव देखिएन । शुरुको ठेक्का लागत अनुमानको तुलनामा न्यूनमा लागेको कारण बाँकी सशर्त बजेटबाट खर्च गर्नका लागि शुरुको ठेक्काबाट काम भएकै सडक खण्डमा काम गर्ने गरी पुनः ठेक्का व्यवस्थापन गर्ने तथा खरिद नियमावली, २०६४ को नियम ८२ विपरीत लागत अनुमान टुक्रा पारी कोटेशनवाट कार्य गराई भुक्तानी दिने कार्य नियमसंमत देखिएन । यसरी एकै ठाँउमा एक भन्दा बढी ठेक्का सञ्चालन भएको पाइएको हुँदा काममा दोहोरो पर्न सक्ने देखियो । निर्माण कार्यको शुरुवाती चेनेज नम्बरसंगै लगायतको थप विवरण खुल्ने बेहोरा उल्लेख नभएको हुँदा निर्माण कार्यमा दोहोरो भुक्तानी हुन सक्ने देखिएको हुँदा कार्यालयले यकिन गरी प्राविधिक पुष्ट्याँई पेश गर्ने तथा संघीय शसर्त कार्यक्रमवाट बचत रकमको लागत अनुमान टुक्रा पारी निर्माण कार्य गराएको अनियमित देखिएको रू.

| **क्र.सं.** | **गो.भौ.नं.** | **निर्माण कार्य** | **लागत अनुमान** | **निर्माण व्यवसायी** | **सम्झौता (रू.)** | **बिधि** | **भुक्तानी (रू.)** |
|---|---|---|---|---|---|---|---|
| १. | ४।८२।३।६ | टिकर सडक देखि हुनैनाथ गौरीमाण्डौ सडक निर्माण स्तरनोन्नती | ३३८११०७ | हुनैनाथ निर्माण सेवा | १३०६४३६ | बोलपत्र | १२३९७३८ |
| 2. | ९।८२।३।२४ | टिकर सडक देखि हुनैनाथ गौरीमाण्डौ सडक निर्माण स्तरनोन्नती | ९९८३१२ | शिखर कन्ट्रक्सन | ९८२३९७ | सोझै | ९८२३९७ |
| ३. | ११।८२।३।२४ | टिकर सडक देखि हुनैनाथ गौरीमाण्डौ सडक निर्माण स्तरनोन्नती | ८८४४२७ | जगदम्बा निर्माण सेवा | ८८२८४५ | सोझै | ८८२८४५ |

| | |
|---|---|
| अनियमित भएको | १६,११,०३८ |

३६ **परामर्श सेवा**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(९ख.) मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचानसमेत गर्नुपर्ने व्यवस्था छ । यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष निम्न २ डि.पि.आर. अध्ययन कार्यमा रू.१६ लाख ७७ हजार ७ सय ११ रूपैँया खर्च गरेको छ । यसरी अध्ययन कार्य गर्दा सोको आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन ।अतः पालिकाको आफ्नो जनशक्तिले नभ्याउने भएकोमा मात्र खरिद कार्य अगाडी बढाई खरिद कार्यलाई प्रतिस्पर्धी र मितव्ययी बनाउन पालिकाको ध्यान जानुपर्दछ ।

| क्र.सं. | गोश्वारा भौ.नं. | कार्यक्रमको नाम | लागत अनुमान (रू.) | खर्च (रू.) | आयोजना लागत (रू.) | परामर्श दाताको नाम | चालु आ.व.मा बजेट |
|---|---|---|---|---|---|---|---|
| १. | २५।८१।९१। १२ | वडा न १ भवन डि.पि.आर | ३६००३६ | ३४४६५० | १४४४६८७७ | कालि शोलुसन प्राली | कार्यान्वयनमा रहेको |
| २. | २६।८१।९। १२ | वडा न ३ भवन डि.पि.आर | ३५१८८४ | ३३९००० | १३६५७११० | कर्णाली ईन्फ्रास्टक्चर | कार्यान्वयनमा रहेको |
| ३. | १६०।८२।३। ८ | पिपलचौरी बृहत खानेपानी यो | १०५००० | ९९४०६१ | ७१३०९४५२ | एम.एच.ईन्जिनीयरिङ्ग कन्सल्टेन्सी | ७१ लाख |
| **जम्मा रू.** | | | | **१६७७७११** | | | |

## ३७ कन्टिजेन्सी खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० उपनियम ७ को अनुसूची-१ अनुसार वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरि कुल ४ प्रतिशत कन्टिजेन्सि खर्च गर्न सकिने ब्यवस्था रहेको छ ।पालिकाले संघिय तथा प्रदेश सरकारका कार्यक्रमहरुमा देहाय अनुसार कन्टिजेन्सी बापत बढी खर्च लेखेकोले तोकिएको सिमाभन्दा बढी खर्च गरेकोले उक्त रकम सम्बन्धित संचितकोष दाखिला गर्नुपर्ने रू.

| क्र.सं. | शीर्षक | कुल खर्च (रू.) | ४ प्रतिशत हुने कन्टिजेन्सी (रू.) | खर्च (रू.) | बढी खर्च (रू.) |
|---|---|---|---|---|---|
| १. | एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम | १९६५८१०९ | ७८६३२४ | १९१७६७० | ११३१३४६ |
| २. | प्रदेश शसर्त तथा समपुरक कार्यक्रम | ११९१३२५४ | ४७६५३० | ८०४२३७ | ३२७७०७ |
| ३. | सघ शसर्त कार्यक्रम | ३२६३७७० | १३०५५१ | ३८२३९४ | २५१८४३ |
| | **जम्मा रू.** | **३४८३५१३३** | **१३९३४०५** | **३१०४३०१** | **१७१०८९६** |

| प्रमाण पेश नगरेको | १७,१०,८९६ |
|---|---|

## ३८ बिजक

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर विजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले निम्न भौचरवाट भुक्तानी गर्दा सक्कल बिजक संलग्न नगरी भुक्तानी गरेकोले कार्यालयवाट भुक्तानी भएको मू.अ.कर रकम छलि हुनसक्ने हुँदा रितपूर्वकको कर बिजक वेगर कार्यालयबाट भुक्तानी लिएको मू.अ.कर रू.७८६५०।०० सम्बन्धित आन्तरिक राजश्व कार्यालयवाट समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| क्र.सं. | भौ न | भुक्तानी पाउने | प्रयोजन | खर्च रकम | बिजक | पान न | मु.अ कर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | २५।८१।९१। १२ | कालि शोलुसन प्राली | वडा न १ भवन डि.पि.आर | ३४४६५० | १।८१। ९।८ | ६२११२५५२२ | ३९६५० | रंगिन कागजमा पिन्ट गरेको फोटोकपि बिल |
| २. | २६।८१।९। १२ | कर्णाली ईन्फ्रास्टक्चर | वडा न ३ भवन डि.पि.आर | ३३९००० | ४।८१। ९८ | ६१०३४२३७८ | ३९००० | रंगिन कागजमा पिन्ट गरेको फोटोकपि बिल |
| जम्मा रू. | | | | | | | 78650 | |

| प्रमाण पेश नगरेको | ७८,६५० |
|---|---|

३९ **प्रशासकीय भवन**

पालिकाको प्रशासकिय भवन निर्माण कार्यका लागि निर्माण व्यवसायी वाई.आर कन्ट्रक्सन संग २०७९।३।२५ सम्ममा निर्माण सम्पन्न गर्ने गरी मिति २०७७।३।२३ मा मा रु. ५९००६४८२-(मु.अ.कर समेत)को सम्झौता भएकोमा ६ पटक सम्म अवधि थप भई २०८२। ३।२० सम्मा मा रु. ५७२५६६८३ को कार्य गरी कार्य सम्पन्न भएको छ ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार रहेका छन् ।
१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा व्यवसायी वा आपूर्तिकर्ताले कारणसहित खरिद सम्झौताको थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सकिने र यस्तो निवेदन २१ दिन अगाबै दिनु पर्ने व्यवस्था छ । यसैगरी निर्माण व्यवसायीको कारण अवधि थप गर्नुपर्ने नियमावली १२१ पुर्वनिर्धारित क्षतिपुर्ति लिई म्याद थप गर्न सकिने व्यवस्था छ । पाचौँ पटक म्याद थप पश्चात कायम भएको अवधि २०८१।३।३० सम्ममा कार्यसम्पन्न गर्न गरेको प्रयासको प्रयाप्त विश्लेषण वेगर हर्जना नलिई निर्माण कार्यको २०८२।३।३० सम्म अवधि थप गरेको छ । पटक-पटक म्याद थप भएको अवधिमा समेत कार्यसम्पन्न नभएको अवस्थामा हर्जना नलिई म्याद थप गर्नु उचित देखिएन । निर्माण व्यवसायीले प्रयाप्त प्रयासका बाबजुत पुर्वानुमान गर्न नसकिने कारणवाट म्याद थप गर्नुपर्ने भएमा वास्तविक ढिलाई भएको अवधि र कारण विश्लेषण गरी हर्जाना समेत लिएर मात्र म्याद थप गर्नुपर्दछ ।

२. सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(३,४) मा व्यवसायीले शूरु सम्झौता देखि त्रुटि सच्च्याउने अवधि सम्मको निर्माण कार्य, कामदार, मेशनरी लगायतको बिमा गर्नुपर्ने उल्लेख भएकोमा निर्माण व्यवसायीवाट बिमा गरेको पाईएन ।

३. सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५२(२) खरिद सम्झौतामा बोलपत्रसम्बन्धी कागजात, प्रस्ताव सम्बन्धी कागजातमा उल्लिखित शर्तहरु समावेश गर्नुपर्ने उल्लेख छ । तर पालिकाबाट भएको भवनको सम्झौतामा बोलपत्रसम्बन्धी कागजातमा समावेश भएका सामान्य शर्त, बिशेष शर्त समावेश नगरी सम्झौता अवधि, रकम मात्र खुलाईएको सम्झौता पत्र लेखापरीक्षणमा पेश भएकोले पेश्कि, बिमा, पूर्बनिर्धारित क्षतिपुर्ति, अवधि थप, छुट लगायतका पक्षमा बिश्लेषण गर्न सकिएन । ऐन बमोजिम सम्झौता गर्नुपर्दछ ।

४. सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्यसम्पन्न भएको तीस दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । तर निर्माण व्यवसायीवाट मिति २०८२।३।२० मा निर्माण सम्पन्न भएको उक्त भवनको एजविल्ट्र नक्सा पेश गरेको छैन ।

५. सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२५(४ र ५) बमोजिम निर्माण कार्यको भुक्तानी गर्दा तोकिएको स्पेशिफिकेशन र गुणस्तर बमोजिम भएको परीक्षण गरेर मात्र भुक्तानी गर्नुपर्ने भवनको निर्माण कार्य गराउदा सिमेन्ट,फलामे डण्डी लगायतका निर्माण सामग्रीको गुणस्तर परीक्षण गरेको पाईएन । निर्माण सामग्री गुणस्तर परीक्षण गरेर मात्र भुक्तानी दिनुपर्दछ ।

६. सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२५(१क) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भइसकेपछि सम्झौता बमोजिम निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको यकिन गरी समयमा नै दाबी गर्नुपर्ने उल्लेख छ।भवनको स्थलगत निरीक्षण गर्दा छत भित्तामा पानी रसाएको तथा रंग गएको देखिएकोले नियमावलीको व्यवस्था बमोजिम पालिकावाट त्रुटि सुधार गर्न लगाउनु पर्ने देखियो।(तस्विर अनूसूचिमा )

४० **बह्मदेव स्वास्थ्य चौकी**

ब्रम्हदेव स्वास्थ्य चौकी भवन निर्माण कार्यका लागि रू.४५ लाख ९३ हजार ७ सय ५६ रूपैँया ७६ पैसाको लागत अनुमानका आधारमा मिति २०८०।२।२० भित्र निर्माण सम्पन्न हुने गरी मिति २०७९।१२।२० मा निर्माण व्यवसायी धौलापुर निर्माण सेवासँग रू. २१ लाख ९३ हजार ६ सय ४५ रूपैँयाको सम्झौता भएकोमा पहिलो पटक ६ महिना (मिति २०८०।८।२० सम्म), दोस्रो पटक मिति २०८१।३।२० सम्म तथा तेस्रो पटक २०८१।८।१५ सम्म म्याद थप गरी रू.२० लाख ६७ हजार १ सय ८९ को कार्यसम्पन्न भएको छ । यस सम्बन्धमा थप बेहोराहरू देहाएका छन् ।

४०.१ **१. म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा व्यवसायी वा आपूर्तिकर्ताले कारणसहित खरिद सम्झौताको थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सकिने र यस्तो निवेदन २१ दिन अगाबै दिनु पर्ने व्यवस्था छ । यसैगरी निर्माण व्यवसायीको कारण अवधि थप गर्नु पर्ने नियमावली १२१ पुर्वनिर्धारित क्षतिपुर्ति लिई म्याद थप गर्न सकिने व्यवस्था छ । दोस्रो पटक म्याद थप पश्चात कायम भएको अवधि २०८१।३।२० सम्ममा कार्यसम्पन्न गर्न गरेको प्रयासको प्रयाप्त विश्लेषण वेगर हर्जना नलिई मिति २०८१।३।१५ मा निर्माण कार्यको अवधि २०८१।८।२० सम्म थप गरेको छ । पटक-पटक म्याद थप भएको अवधिमा समेत कार्यसम्पन्न नभएको अवस्थामा हर्जना नलिई म्याद थप गर्नु उचित देखिएन । निर्माण व्यवसायीले प्रयाप्त प्रयासका वाबजुत पूर्वानुमान गर्न नसकिने कारणवाट म्याद थप गर्नुपर्ने भएमा वास्तविक ढिलाई भएको अवधि र कारण विश्लेषण गरी हर्जानासमेत लिएर मात्र म्याद थप गर्नुपर्दछ ।

**२. बिमा** - सम्झौताको शर्त नं. १९.१ अनुसार निर्माण व्यवसायीले निर्माण कार्य, कामदार र मेशीनरी उपकरणको निर्माण कार्य शूरुवात देखि त्रुटि सच्च्याउने अवधि सम्मको विमा गर्नुपर्ने उल्लेख भएकोमा निर्माण व्यवासायीवाट बिमा गरेको पाईएन । सम्झौताको शर्त बमोजिम विमा गरी जोखिम न्यूनिकरण गर्नुपर्दछ ।

**३. एजबिल्ट नक्सा** - सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा तथा सम्झौताको शर्त न ५६.१ मा खरिद सम्झौता बमोजिम निर्माण कार्यसम्पन्न भएको तीस दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । तर निर्माण व्यवसायीवाट २०८२।३।२० मा निर्माण सम्पन्न भएको उक्त भवनको एजविल्ट्र नक्सा पेश गरेको छैन । सम्झौताको शर्तमा नक्सा पेश नगरेमा रोक्का राख्ने रकम उल्लेख गरेको छैन । सम्झौता बमोजिम नक्सा पेश गर्न लगाउनुपर्दछ ।

४०.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **३,८६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

## ४१ कोटेशन भन्दा बढि भुक्तानी

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१०६,९४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

## ४२ औषधि खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा रु. २५ लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। कार्यालयले उक्त प्रक्रिया वेगर देहायानुसार फर्मबाट औषधि सोझै खरिद गरेको छ। खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको प्रमाण समेत संलग्न राखेको देखिएन ।

| गो भौ नं मिति | फर्मको नाम | रकम |
|---|---|---|
| ७२४-०८२।३।१८ | डि बि मेडिसिन सप्लायर्स | ६७०७०७ |
| ७५०-०८२।३।१३ | राधाकृष्ण फार्मेसि | ४८९२९५ |
| जम्मा रु | | ११६०००२ |

४३ **बैठक भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४४ **थप सुविधा**

दुहुँ गाउँपालिका कार्यसंचालन निर्देशिका, २०८० बमोजिम महिला स्वास्थ्य स्वयमसेवकलाई प्रोत्साहन भत्ता दिन सकिने व्यवस्था उल्लेख गरेको पाईदैन । पालिकाले गोश्वारा भौचर नं. ७५०।०८२।३।१३ बाट ३६ जना कर्मचारी मासिक रू.१५००।०० को दरले वार्षिक रू. ६ लाख ४८ हजार खर्च लेखेको पाइयो । यसरी कार्यविधि वेगर खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रू.

| अनियमित भएको | ६,४८,००० |
|---|---|

४५ **भ्रमण भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-८** को निर्णयले रू **५,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-८** को निर्णयले रू **५,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-८** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४६ **राष्ट्रपति रनिङ्ग शिल्ड**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारीता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी ऐनको दफा ११ मा स्थानीय तहको कार्यक्षेत्रकोसमेत उल्लेख गरेको छ । पालिकाले यसवर्ष विभिन्न खेलकुद कार्यक्रमको सञ्चालन तथा सहभागिता जनाएर रू.११ लाख ९७ हजार ८ सय ५० रूपैयाँ हजार खर्च गरेको छ । खेलकुद कार्यक्रममा खर्च भएको रकममा सामग्री खरिद, खाजा खाना लगायतका खर्चमा नियन्त्रण गर्न सकिनेमा सो काम गरेको देखिएन । कार्यक्रममा खरिद गरिएको विभिन्न खेलकुद सामग्रीहरूको जिन्सी दाखिला र वितरणको भरपाई नभएको तथा कार्यक्रम पश्चात कार्यालयमा समेत दाखिला भएको देखिदैन । वडास्तरमा समेत सोही प्रकृतिका खेलकुद कार्यक्रमहरु सञ्चालन भएकोमा खेलकुद सामग्रीको खरिदमा मितव्ययितता र पुनः प्रयोगको लागि व्यवस्थापन गरेको छैन । पालिकाको आन्तरिक आय रू. ५२ लाख ७१ हजार २ सय ८१ हजार रूपैयाँ मात्र रहेकोमा खेलकुद कार्यक्रममा रू. ११ लाख ९७ हजार ८ सय ५० रूपैयाँ ( भुक्तानी दिन बाँकीमा राखि ) मात्र आन्तरिक आयको २२.७२ प्रतिशत खर्च गरेको छ। कार्यालयले

आन्तरिक नियन्त्रण प्रणालीमार्फत खर्चमा मितव्ययितता कायम गरी यस प्रकारका कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ ।

## ४७ सिआरडिसि कार्यक्रम

एकिकृत सामुदायिक विकास परियोजना कार्यान्वयनको लागि गाउँपालिकासंग भएकोमा सम्झौतामा सस्थाको भुमिका शैक्षिक तथा शिक्षण गुणस्तर अभिबृद्धिमा साझेदार गर्ने कुरा उल्लेख भएकोमा पालिकाले गो.भौ.नं. ५५७।०८१।१२।२२ निज संस्थाको प्रशासनिक तथा कर्मचारीको तलब भत्तावापत रू.३५००६०।०० खर्च लेखेकोमा अन्य कार्यविवरण संलग्न भएको देखिएन । यसरी गैरसरकारी निकायको उक्त खर्च पालिकाबाट खर्च लेखाङ्कन गरेको नियमसम्मत नदेखिको रू.

| | |
|---|---|
| अनियमित भएको | ३,५०,०६० |

## ४८ प्रोत्साहन भत्ता

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-८** को निर्णयले रू **९६,९८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ४९ भ्रमण खर्च

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **२६३,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | ० |

## ५० सवारी साधन मर्मत

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम सरकारी जिन्सी मालसामान हानी-नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनलाई उचित मर्मत-सम्भार गरी चालू अवस्थामा राख्ने उत्तरदायित्व सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ । यस पालिकाले डेस्कटप कम्प्युटर, ल्यापटप, प्रिन्टरका साथै मेसिनरी औजार र सवारी साधनहरूको मर्मत खर्च लेखेको देखिए पनि सवारीसाधन तथा मेसिनरी औजार मर्मतको स्थायी अभिलेख र लगसिट तयार गरेको पाइएन । साथै, मर्मत तथा सम्भारबापतको भुक्तानी व्यक्तिको नाममासमेत गरिएको र मेसिन औजार मर्मतको अभिलेख खाता नराखिएकाले गत आर्थिक वर्षको खर्चसँग तुलना गरी यकिन गर्ने आधार देखिएन । प्रचलित कानून बमोजिम कार्यालयमा रहेका जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई, मर्मतपश्चात् सोको अभिलेख व्यवस्थित रूपमा राख्नुपर्दछ। पालिकाले मेसिनरी औजार मर्मत तथा सम्भार खर्चतर्फ रू. ८ लाख ४९ हजार भुक्तानी गर्दा म.ले.प. फाराम नं. ४१५ (मर्मत सम्भारको अभिलेख खाता) व्यवस्थित रूपमा तयार नगरेको र सवारी साधनको मर्मत गर्दा लाभ-लागत विश्लेषणसमेत गरेको देखिएन। अतः नियमको पूर्ण पालना गरी खर्चलाई व्यवस्थित र पारदर्शी बनाउनेतर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ।

## ५१ पशु सेवा औषधी दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ बमोजिम जिन्सी दाखिला गर्दा स्पेशिफिकेशन मुल्य र अनुमानित आयु खुलाई जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पशु सेवा लागि खरिद गरेको औषधीमा अनुमानित आयु नखुलाई जिन्सी दाखिला गरेको पाइयो । तसर्थः कार्यालयले आगामी दिनमा अनुमानित आयु खुलाई औषधी दाखिला गर्नुपर्ने देखिन्छ ।

## ५२ झोला वितरण

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, प्रभावकारी, मितव्यीतता, कार्यदक्षता र औचित्यका आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । साथै लेकम गाउँपालिका कार्यसंचालन निर्देशिका, २०८१

मा कार्यक्रम सञ्चालनमा झोला वितरण गर्न सकिने कुनै व्यवस्था गरेको पाइदैन । नमूना छनौटका आधारमा गरिएको लेखापरीक्षणमा पालिकाले निम्नबमोजिमका कार्यक्रममा झोला खरिद गरी कर्मचारी र पदाधिकारीलाई वितरण गरेको पाइयो । तसर्थः आगामी दिनमा यस्तो खरिद कार्यमा नियन्त्रण पालिकाको ध्यान जानुपर्दछ ।

| क्र.सं. | गो.भौ.नं. र मिति | विवरण | कार्यक्रमको नाम | खर्च (रू.) |
|---|---|---|---|---|
| 1. | ७५६।०८२।३।१३ | छाता ४० थान रु ८००<br>झोला ४० थान रु ३००० | सभा संचालन | १६२००० |
| **जम्मा रू.** | | | | **१६२०००** |

५३ **डी.पी.आर. निर्माण**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डी.पी.आर. लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

***(रु. हजारमा)***

| क्र.सं. | बजेट उपशीर्षक | खर्च (रू.) | | | | खरिद विधि | | | | कार्यान्वयनमा गएको | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गतवर्ष | | यो वर्ष | | सिलवन्दी दरभाउपत्र | | सिधै वा आसयपत्र | | गतवर्ष | | यो वर्ष | |
| | | संख्या | खर्च (रू.) | संख्या | खर्च (रू.) | संख्या | खर्च (रू.) | संख्या | खर्च (रू.) | संख्या | खर्च (रू.) | संख्या | खर्च (रू.) |
| १. | | २ | १७०० | ३ | १६७७ | १ | ९९४ | २ | ६८३ | २ | १७०० | २ | ६८३ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

५४ **विद्यालयमा भान्छे नियुक्ति**

कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप नं. १.१.४.१. मा प्रारम्भिक बाल विकास शिक्षकको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान सम्बन्धी व्यवस्था गरेको छ भने विद्यालय भान्से सम्बन्धि कुनै व्यस्वस्था उल्लेख गरेको छैन। पालिकाले निम्न विद्यालयहरुमा उक्त पुस्तिका विपरित १९ जना भान्से नियुक्ति गरी प्रतिमहिना रु.२०००.० का दरले १० महिनाको रू.३,८०,०००। ०० भुक्तानी गरेकोले सम्बधित विद्यालयवाट असुल गर्नुपर्ने रू.

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | बार्षिक भुक्तानी (रू.) |
|---|---|---|
| १ | श्री जनविकास मा. वि. बारबाज | २०००० |
| २ | श्री गोरिलमाण्डौ मा. वि. हिकिला | २०००० |
| ३ | श्री धारीपाटा मा. वि. धारी | २०००० |
| ४ | श्री पिपलचौरी मा. वि. बीण | २०००० |
| ५ | श्री गणेश मा. वि. सिमली | २०००० |
| ६ | श्री सोमनाथ आ. वि. सुत्खोला | २०००० |
| ७ | श्री भूमिराज आ. वि. कम्दा | २०००० |
| ८ | श्री टुडिखेल आ. वि. खर्रा | २०००० |
| ९ | श्री भवानी आ. वि. भग्नाडी | २०००० |
| १० | श्री हुनैनाथ आ. वि. बस्पाली | २०००० |
| ११ | श्री सोविधार आ. वि. सौतोली | २०००० |
| १२ | श्री मष्टकेदार आ. वि. गोकुल | २०००० |
| १३ | श्री दहधार आ. वि. गुना | २०००० |
| १४ | श्री दुर्गा आ. वि. गरमोरा | २०००० |
| १५ | श्री ब्रह्म आ. वि. पाँसु | २०००० |
| १६ | श्री भगवति आ. वि. पोक्से | २०००० |
| १७ | श्री महादेव आ. वि. फारा | २०००० |
| १८ | श्री लटिनाथ आ. वि. बोहरागाउँ | २०००० |
| १९ | श्री दुर्गास्थान आ. वि. खेती | २०००० |
| **जम्मा रू.** | | **३८००००** |

| असुल गर्नुपर्ने | ३,८०,००० |
|---|---|

५५ **छात्रवृत्ति**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| अनियमित भएको | ० |
|---|---|

५६ **फरक पार्टीमा भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम सरकारी रकमको खर्च लेख्दा रित पुगे वा नपुगेको भनि चेकजाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । साथै सरकारी खर्च निर्देशिका बमोजिम सम्बन्धित पार्टीकोमा भुक्तानी हुनुपर्नेमा सो नगरेको पाइयो । नमुना छनौटका आधारमा गरिएको लेखापरीक्षणमा कार्यालयले निम्नबमोजिमको खर्चमा सम्बन्धित पार्टीको नाममा भुक्तानी गर्नुपर्नेमा कर्मचारीको नाममा भुक्तानी गरी खर्च लेख्ने गरेको पाइएकोले वास्तविक खर्च रकममा विश्वासत हुन सकिएन ।अतः यसरी खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रू.

| क्र.सं. | गो.भौ. नं. र मिति | भुक्तानी हुनुपर्ने पार्टीको नाम | भुक्तानी भएको कर्मचारीको नाम | भुक्तानी (रू.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | १७-०८१।६।७ | ज्योत पुस्तक पसल,भान्स घर एण्ड नास्ता पसल, शिखर होटल,आर जि सपिङ्ग,चन्द्रमा फेन्सी स्टोर,मस्टकेदार फेन्सी स्टोर | श्री एकेन्द्र सिंह महरा | ११४५७२ | विविध सामग्री खरिद |
| २ | ४०-०८१।६।९ | नेपाल टेलिकम | श्री विरेन्द्रराज जोशी | ५०००० | |
| ३ | ५५-०८१।६।९ | सुवास होटल लज एण्ड किराना पसल | श्री लोकेन्द्र बहादुर वम | १८६३८० | अनाथलय संचालन तथा व्यवस्थापन |
| ४ | १०७-०६।२१ | सुवास होटल लज एण्ड किराना पसल | श्री लोकेन्द्र बहादुर वम | ८३५८६३ | अनाथलय संचालन तथा व्यवस्थापन |
| ५ | ११४-०८१।७।२ | लक्ष्मी होटल एण्ड लज | श्री विरेन्द्रराज जोशी | ११९८४० | विविध खर्च |
| ६ | ७७६-०८१।३।१५ | लक्ष्मी होटल एण्ड लज | श्री पदमराज जोशी | ३८७४० | विविध खर्च |
| ७ | ८१६-८२।०३।१९ | गौरब इन्टरप्राइजेज | श्री विरेन्द्रराज जोशी | ४०००० | विभिन्न समाग्री खरिद |
| ८ | ६२१-०८२।२।१५ | संचार महशुल | श्री विरेन्द्रराज जोशी | ४१७५० | विभिन्न पदाधिकारी तथा कर्मचारीको रिचार्ज |
| | | | **जम्मा रू.** | **१४२७११५** | |
| | | | | | |

| | |
|---|---|
| अनियमित भएको | १४,२७,११५ |

५७ **सवारीसाधन भाडा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, प्रभावकारीता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकामा एक वटा सवारीसाधन चालु अवस्थामा रहेको र कार्यालयले कुनै सूचना प्रकाशन नगरी, कुनै प्रतिस्पर्धा नगराई पटके रुपमा सवारीसाधन भाडा लिएको देखियो । तसर्थ पालिका नमुना छनौट परीक्षण विधिबाट गरीएको लेखापरीक्षणमा कार्यालयले आवश्यक औचित्यततका आधारमा सवारीसाधान भाडा खर्च मितव्ययीतातर्फ ध्यान दिनुपर्ने देखिन्छ । यस सम्बन्धमा तल प्रस्तुत गरिएको छ । अतः यसरी खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

| क्र.सं. | गो.भौ.नं. र मिति | सवारीधनीको नाम | भुक्तानी (रू.) | कैफियत |
|---|---|---|---|---|
| १. | १३।०८१।६।६ | नखुलेको | १०००० | |
| २ | ६४।८१।६।१० | श्री विर सिंह विष्ट | ३५००० | कर्मचारीद्धारा प्रयोग |
| ३. | १०२।०६।२१ | श्री विर सिंह विष्ट | ३५००० | उपाध्यक्षले प्रयोग |
| ४. | १०४।०८१।०७।०२ | विर सिंह धामी | ६०००० | कर्मचारीद्धारा प्रयोग |
| ५. | ८१३।०८१।३।१९ | श्री प्रेम बहादुर कुवर | ४६५०० | कर्मचारीद्धारा प्रयोग |
| ६. | ७०२।०८२।२।२७ | श्री हरिश बहादुर बम | १३१५०० | पदाधिकारीले विभिन्न मितिमा प्रयोग गरेको |
| ७. | ७११।०८२।२।३० | श्री हरिश बहादुर बम | २५००० | कर्मचारीद्धारा प्रयोग |
| ८. | ६४२।०८२।१।२४ | श्री विर सिंह धामी | १८००० | कर्मचारीद्धारा प्रयोग |
| ९. | ४४७।११।१३ | श्री प्रेम बहादुर कुबर | २९११०० | पदाधिकारीले विभिन्न मितिमा प्रयोग गरेको |
| **जम्मा रु** | | | **६५२१००** | |

५८ **सीप क्षमता र जीवन उपयोगी तालिम**

पालिकाले संघीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत कार्यस्थलमा आधारित सीप तथा क्षमता विकास तालिम परामर्शदातामार्फत सञ्चालन गर्ने गरी पालिकाले लागत अनुमानमा जनशक्तितर्फ रू.४ लाख २ हजार ३ सय ३३ रूपैयाँ, ५० (पचास) जना सहभागीहरूको पचास दिनको खाजाखर्चका लागि प्रतिदिन रू. २ लाख ५० हजार र थप खर्चहरु (संचालन खर्च)मा रू.१ लाख ९८ हजार ९ सय ६२ गरी कुल रू. ८ लाख ५१ हजार २ सय ९५ रूपैयाँ तथा मू.अ.कर रू.१ लाख १६ हजार ६ सय ६८ रूपैयाँ समेत कुल रू.९ लाख ६१ हजार ९ सय ६३ रूपैयाँको लागत अनुमान तयार गरेको देखियो। पालिकाले सिलबन्दी दरभाउपत्रमार्फत खरिद प्रक्रिया अगाडी बढाई पर्फेक्ट म्यानपावर ट्रेनिङ सेन्टर प्रा.लि.ले जनशक्तितर्फ रू.२ लाख ५१ हजार ७ सय १० रूपैयाँ, सहभागी खाजाखर्चतर्फ एकमुष्ट रू.६० हजार र थप खर्चहरुमा रू.५ लाख ३४ हजार रूपैयाँ र मू.अ.कर रू.१ लाख ९ हजार ९ सय ४२ रूपैयाँ समेत कुल रू.९ लाख ५५ हजार ६ सय ५२ रूपैयाँ सारभूतरूपमा प्रभावग्राही भई स्वीकृत भएको देखियो। यससम्बन्धी देखिएका बेहोराहरु देहायअनुसार छन्।

५८.१ **सहभागी खाजा खर्च** - परामर्शदाताले सहभागी खाजातर्फ प्रति सहभागी रु.२४।०० का दरले रु.६००००।०० पेश गरेकोमा खाजातर्फ अत्याधिक न्यून रकम रहेको देखिएकोले सहभागीहरुको खाजाको गुणस्तरका सम्बन्धमा यकिन हुन सकिएन । साथै पालिकाबाट तालिममा सहभागी ४० जना र प्रशिक्षकहरु ५ जना गरी कुल ४५ सहभागी हुनसक्ने देखिएकोमा पालिकाले ५० जना सहभागीहरुको ५० दिनको खाजाखर्चको रकमसहित लागत अनुमान तयार गरेको देखिन्छ । पालिकाले गो.भौ.नं र मिति २३५।०८२।२।२२ मार्फत पर्फेक्ट म्यानपावर ट्रेनिङ सेन्टरलाई तालिम सञ्चालनबापत रु.९५५६५२।०० भुक्तानी गरेकोमा पेश गरेको बिलभरपाई हेर्दा तालिममा ४० जना प्रशिक्षार्थी र ५ जना प्रशिक्षकहरुको मात्र उपस्थिति देखिएकोले ५ जना सहभागीहरुको ५० दिनको प्रति सहभागी रु.२४।०० का दरले मू.अ.करसहित रु.६७८०।०० बढी भुक्तानी भएको देखिएकोले असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,७८० |

५८.२ **यथार्थपरक लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ मा लागत अनुमान तयार गर्ने सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले जनशक्तितर्फ रु.४,०२,३३३।००, खाजा खर्चतर्फ रु.२,५०,०००।०० र थप खर्चहरु(संचालन खर्च) मा रु.१,९८,९६२।०० राखी लागत अनुमान तयार गरेकोमा परामर्शदाताले जनशक्तितर्फ रु.२,५१,७१०।०० (३८ प्रतिशत घटी), खाजाखर्चतर्फ रु.६०,०००।०० (७६ प्रतिशत ले घटी) र थप खर्चहरु(सञ्चालन खर्च) रु.५,३४,०००।०० (२६८.३९ प्रतिशतले बढी ) प्रस्ताव गरि स्वीकृत भएको देखिएकोले यथार्थपरक लागत अनुमान कायम भएको सम्बन्धमा यकिन हुन सकिएन । तसर्थ पालिकाले लागत अनुमानलाई यथार्थपरक बनाउदै परामर्शदाताले पेश गरेको दररेटको शीर्षकगत विस्तृत विश्लेषण पनि गर्नुपर्दछ ।

### ५९ कार्यसम्पन्न प्रतिवेदन

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्यसम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्यसम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । अतः यसतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

### ६० लघुउद्यम विकास कार्यक्रम

गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ५८ मा स्थानीय तहमा उद्यम विकास समितिले कार्यक्रमको नियमित अनुगमन गर्ने र उद्यम विकास समितिको मातहत रहने गरी कार्यपालिका उपाध्यक्षको अध्यक्षतामा अनुगमन उप-समिति रहने र अनुसूची-१६ बमोजिम सञ्चालित मुख्य क्रियाकलाप, सहायक क्रियाकलाप, सूचक/पुष्ट्याईका आधारमा, प्रगतिको अवस्था, कार्यक्रम सञ्चालन अनुगमनको सारांश विवरण, नतिजा अनुगमन, अनुगमनकर्ताको सुझाव, कार्यक्रमको सम्बन्धमा अनुगमनकर्ताको अनुभव लगायत समावेशी गरी अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं. र मिति १३०। २०८१।११।१९ मा लघुउद्यमतर्फ अनुगमनबापत ५ जना अनुगमनकर्तालाई अनुगमन भत्ताबापत रु.१०,०००।०० भुक्तानी गरेको देखियो । पालिकाले लघुउद्यम निर्देशिकामा व्यवस्था भएबमोजिम अनुगमन उपसमितिलाई मात्रै अनुगमन भत्ताबापत भुक्तानी गर्नुपर्नेमा

गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायत अन्यलाई अनुगमनबापत अनुगमन भत्ता भुक्तानी गरेको देखियो । साथै अनुगमनकर्ताले निर्देशिकाको अनुसुची-१६ बमोजिम अनुगमन फारम समेत भरेको देखिएन । पालिकाले निर्देशिका बमोजिम अनुगमन तथा मूल्याङ्कन समिति गठन गरी कार्यक्रमका मुख्य क्रियाकलापहरु, सहायक क्रियाकलापहरु, सुचक/पुष्टयाइँका आधारहरु र प्रगति अवस्थासमेत खुल्ने गरी अनुगमन फारम प्राप्त भएपछि मात्रै खर्च लेख्नुपर्दछ । अतः यसतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

६१ **सहभागीलाई वस्तुगत टेवा**

नेपाल सरकार, अर्थमन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०८१ को परिच्छेद-७, खर्चको मापदण्ड, अनुसूची-११ मा सबै प्रकारको तालिम, गोष्ठी, सेमिनार, कार्यशालामा जिल्लास्तरमा सञ्चालन हुने कार्यक्रममा मसलन्दबापत तालिमका सहभागीहरुलाई प्राप्त सीप उपयोग कार्यमा अभिप्रेरित गर्न सहायतास्वरुप प्रदान गरिने वस्तुगत टेवा बापत रु.४,०००।०० खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले गो.भौ.नं. र मिति ३७०।२०८२।३।२२ मा आधारभुत विद्यालय र माध्यमिक विद्यालय आइटी स्रोत शिक्षकहरूका लागि सूचना प्रविधि सम्बन्धी क्षमता विकास तालिममा उपस्थित सहभागीहरुलाई पेन ड्राइभ खरिद गरी रु.९,५००।०० खर्च लेखी वितरण गरेको देखियो । पालिकाले निर्देशिकामा व्यवस्था भए भन्दा सहभागीहरुलाई वस्तुगत टेवा बापत बढी भुक्तानी गरेको रु.५,५००।०० बढी भुक्तानी गरेको छ । अतः यसरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गरि नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ५,५०० |

६२ **उपभोक्ता पसल सञ्चालन**

दुहुँ गाउँपालिका उपभोक्ता पसल सञ्चालन गर्न जारी गरिएको कार्यविधि, २०७९ बमोजिम स्थानीय उत्पादनलाई जोड दिने उपभोक्ता पसल सञ्चालन गरिने व्यवस्था छ । यसै कार्यविधि अन्तर्गत रहेर पालिकाले वडामा उपभोक्ता पसल सञ्चालन गरेको पाइयो । यस सम्बन्धमादेखिएका बेहोराहरु देहायका छन् ।

६२.१ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-८** को निर्णयले रू **३२,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६२.२ पालिकाबाट प्राप्त विवरण अनुसार खरिद विक्रिको परिमाण तल प्रस्तुत गरिएको छ ।

| **क्र.सं.** | **खरिद विवरण** | | | | **विक्रि** | | | | **नष्ट भएको** | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **विवरण** | **परिमाण** | **दर (रू.)** | **रकम (रू.)** | **विवरण** | **परिमाण** | **दर (रू.)** | **रकम (रू.)** | **परिमाण** | **रकम (रू.)** |
| १. | मोटो चामल | ३७८ बोरा | ३०४० | ५४१३०० | मोटो चामल | २७८ बोरा | २५५० | ७०८९०० | १०० | ३०४००० |
| २. | मसिनो चामल | १०८ बोरा | २६३७.५ | २८४८५० | मसिनो चामल | ८५ बोरा | २३०० | १९५५०० | २३ | ६०६६२ |
| ३. | सिल्की चामल | ७५ बोरा | २००० | १५०००० | सिल्की चामल | ६१ बोरा | १८०० | १०९८०० | १४ | २८००० |
| **जम्मा रू.** | | | | **१५२४९८०** | | | | **१०१४१००** | | **५१०८८०** |

उपरोक्त सम्बन्धमा उक्त चामल विक्रि मुल्य मोटो चामल प्रति बोरा रू.२५५०।००, मसिनो चामल प्रति बोरा रू.२३००।०० र सिल्की चामल प्रति बोरा रू.१८००।०० मुल्य राखी विक्री गर्नुको कारण पेश नभएकोले वास्तविक आम्दानी प्रति विश्वसत हुन सकिएन ।

६२.३ पालिकाबाट प्राप्त विवरण अनुसार मोटो चामल १०० बोरा, मसिनो चामल २३ बोरा र सिल्की चामल १४ वोरा गरी जम्मा मुल्य रू.५,१०,८८०।०० को नष्ट भएको भनि विवरण दिएकोमा के-कति कारण नष्ट भएको सोको कारण नखुलाई प्रहरी मुचुल्का पेश नभएको सो बारेमा जिम्मेवार व्यक्तिलाई जिम्मेवार बनाइ नष्ट हुनुको प्रहरी मुचुल्क सहितको कारण पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,१०,८८० |

६२.४ तसर्थ पालिकाले यस्ता कार्यक्रम संचालन गर्दा आन्तरिक आयलाई मध्यनजर गरी कार्यक्रमको उच्च प्रतिफल हाँसिल हुने गरी मितव्ययी र प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

### ६३ प्रविधि हस्तान्तरण

गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा १७ को अनुसूची-३ मा कार्यक्रमको बजेट तथा बाँडफाँड अन्तर्गत विभिन्न क्रियाकलापहरुमा बजेट प्रतिशतको दायरा व्यवस्था गरिएको छ । जसअनुसार प्रविधि हस्तान्तरण शीर्षकमा नयाँ लघुउद्यमी सिर्जना गर्नेतर्फको बजेटको १५ देखि १८ प्रतिशत बजेट छुट्याउन सक्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं. र मिति २३०।२०८२।२।१८ मा प्रविधि हस्तान्तरण शीर्षकबाट दुहुँ गाउँपालिका वडा नं. २ मा धुप बनाउने तालिम लिएका उद्यमीहरुलाई प्रविधि हस्तान्तरणका सामग्री खरिद वितरण गरेकोमा सामग्री वितरण कार्यक्रम गरी कार्यक्रम सञ्चालनमा रु. ५,३५०।०० र खलंगा देखि वडा नं.२ हिकिलासम्म सामग्री ढुवानीबापत रु.१०,०००।०० खर्च लेखेको देखियो। पालिकाले निर्देशिकामा भएको व्यवस्था भन्दा फरक शीर्षकमा खर्च गरेको देखियो । अतः यस्तो खर्चमा नियन्त्रण गर्दै प्रविधि हस्तान्तरणमा खर्च लेख्न पालिकाको ध्यान जानुपर्दछ।

### ६४ पाइप र अन्य सामग्री खरिद

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकमको खर्च लेख्दा विल भरपाईसहित श्रेष्ता राख्नुपर्ने व्यवस्था छ । पालिकाले पाइप खरिद गरि वितरण गरेकोमा पाइपको प्रयोगको अवस्थाबारे यकिन गर्न नसकिएको साथै पाइपसंगै अन्य कार्यको विवरण नापीमा देखिएको छैन । अतः उक्त पाइपको सदुपयोगको नापीमा खुल्ने गरी रेनकोट लगायतका सामग्री वितरणको परिमाण र वितरणको स्पष्ट खुल्ने गरी प्रमाण पेश हुनुपर्ने रू.

| क्र.सं. | गो.भौ.नं. र मिति | विवरण | भुक्तानी (रू.) | कैफियत |
|---|---|---|---|---|
| १. | २७।०८१।६।०८ | पाइप खरिद | २७३०० | ७०० एमएम रू.३९।०० को दरले प्राविधिकले नापीमा पाईको वितरण मात्र देखिएकोले सो पाइपको सदुपयोगको प्राविधि पुष्ट्याइँ नभएको । |
| २. | ३५।०८२।६।८ | विभिन्न सामग्री खरिद | ७४५५०० | रेनकोट ६० थान, त्रिपाल ७० थान, सिलिपिङ्ग व्याग ५० थान झोला २५थान, लाइट २० थान र छाता ५० थान प्रहरी कार्यालयलाई वितरण गरेको भरपाइ संलग्न गरेता पनि स्पष्ट परिमाण खुल्ने कागजात संलग्न नदेखिएको । |
| ३. | २४०।०८१।८।२५ | पाइप खरिद | ३२४००० | ७२०० मीटर रू.४५।०० कोदरले दरले प्राविधिकले नापीमा पाइपको वितरण मात्र देखिएकोले सो पाइपको सदुपयोगको प्राविधि पुष्ट्याइँ नभएको । |
| ४. | २३३।०८१।८।२४ | पाइप खरिद | २०३५३ | ५०० मीटर रू.४०।०० को दरले दरले प्राविधिकले नापीमा पाइपको वितरण मात्र देखिएकोले सो पाइपको सदुपयोगको प्राविधि पुष्ट्याइँ नभएको । |
| **जम्मा रू.** | | | **१११७१५३** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,१७,१५३ |

### ६५ बजेटभन्दा बढी खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम सरकारी रकमको खर्च लेख्दा रित पुगे वा नपुगेको भनि चेकजाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । साथै नियममावली ४१ बमोजिम स्वीकृत बजेटको मापदण्डभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नबमोजिमको खर्चमा स्वीकृत बजेट भन्दा बढी खर्च लेखाङ्कन गरेको पाइयो । पालिकाले यसरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । अतः उक्त खर्च नियमसम्मत नदेखिएको रू.

| क्र.सं. | गो.भौ.नं. र मिति | विवरण | स्वीकृत (रू.) | खर्च (रू.) | बढी खर्च (रू.) |
|---|---|---|---|---|---|
| १. | ४९-०८१।६।९ | परीक्षा सञ्चालनको | ५००००० | ५३६२६४ | ३६२६४ |
| २. | ५७-०८१।६।९ | कार्यक्रम सञ्चालन | ५००००० | ६४९९१० | १४९९१० |
| **जम्मा रु** | | | | | **१८६१७४** |

| अनियमित भएको | १,८६,१७४ |
|---|---|

६६ **अतिथि सत्कार**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२७** को निर्णयले रू **१२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **१०८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६७ **शाखा खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, प्रभावकारीता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्रनुपर्ने व्यवस्था रहेको छ। पालिकाले गो भौ नं मिति ३४-०६।८ बाट शाखाकार्यालयमा पाहुना सत्कारवापत् श्री भागा बडाललाई रु २१५०० भुक्तानी दिएको देखिएको यसरी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु

| अनियमित भएको | २१,५०० |
|---|---|

६८ **संचार सुविधा**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-८** को निर्णयले रू **१४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-८** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६९ **जे.सि.बी. भाडा आम्दानी**

दुहुँ गाउँपालिका मेसिन भाडा सम्बन्धी कार्यविधि, २०८० अनुसार मेसिन भाडा दिए वापत् रु २००० प्रतिघण्टाको दरले भाडा लिने व्यवस्था रहेको छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष निम्नबमोजिमका निर्माण सेवाले भाडामा लिएकोको मेसिनको रकम भुक्तानी गरेको देखिदैन । अतः उक्त आम्दानी वापतको असुल हुनुपर्ने रू.

| क्र.सं. | निर्माण व्यवसायीको नाम | प्रयोग भएको घण्टा | रकम |
|---|---|---|---|
| १. | मष्टनिर्माण सेवा | ३० | ६०००० |
| २. | १० शैया फिल्ड निर्माण | २०५ | ४१०००० |
| ३. | कन्चन वालिअभ्दनिर्माण सेवा | १०२ | २०४०० |
| | | **जम्मा रू.** | ४९०४०० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **३२,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,९०,४०० |

७० **दोहोरो भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-८** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७१ **एज विल्ट ड्रइङ**

सम्झौताको जिसिसिको ७१.२ मा कार्यसम्पन्न पश्चात ६० दिनभित्र एज विल्ट ड्रइङ पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जनविकास माध्यमिक विद्यालय बागबाजको भवन निर्माणको सि.बी. एण्ड एबि विल्डर्ससँग सम्झौता गरेकोमा एज विल्ट ड्रइङवापत रु. १,००,०००।०० बिथ होल्ड गर्नुपर्नेमा सो गरेको देखिएन । अतः निर्माण व्यवसायिले एज विल्ट ड्रइङ पेश नभएकोले उक्त रकम असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,००० |

७२ **एम्बुलेन्स आम्दानी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम पालिकाले आफ्नो कार्यक्षेत्र र अधिकार भित्र रही राजश्व संकलन गर्नसक्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार एम्बुलेन्स संख्या एक रहेकोमा कुनै पनि आम्दानी नभएको जनाएको छ । साथै आम्दानी र खर्च खुल्ने स्पष्ट अभिलेख नराखेकोले आम्दानी र खर्च बारेमा विश्वासत हुन सकिएन । तसर्थ पालिकाले न्युनत्तम शुल्क निर्धारण गरी आम्दानी र खर्चलाई पारदर्शी र विश्वसनीय वनाउनुपर्ने देखिन्छ ।

७३ **भवन कन्टिन्जेन्सी**

सार्वजनिक खरिद नियमावली, २०६४ र कन्टिजेन्सी सम्बन्धि कार्यविधि बमोजिम कन्टिजेन्सी रकम योजनासँग सम्बन्धित रहेर खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले जनविकास माध्यमिक विद्यालयको भवन निर्माणको कन्टिन्जेन्सीबाट होटलका विलमात्रै राखी रू.१,४५,२३६।०० खर्च लेखाङ्कन गरेको पाइयो । साइट अनुगमन भए नभएको सम्बन्धमा एकिन गर्न नसकिएको साथै अनुगमन प्रतिवेदन संलग्न देखिएन । अतः उक्त खर्च पुष्ट्याइँको प्रमाण पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४५,२३६ |

७४ **मातृशिशु तथा पोषण सुधार कार्यक्रम**

नेपाल सरकारको विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा ७ मा नेपाल सरकारले आयोगबाट छनोट भएको कार्यक्रमको सञ्चालनका लागि कार्यक्रमको कुल लागत, प्रकृति, प्राथमिकता, उपलब्धि र दिगोपनासमेतको आधारमा स्थानीय तहलाई अनुदान उपलब्ध गराउन सक्ने र दफा ९ (७) मा स्थानीय तहले विशेष अनुदान रकम खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणाली अपनाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व र सार्वजनिक खरिद ऐन सम्बन्धी प्रचलित कानूनको अधिनमा रही मितव्ययी तथा पारदर्शी किसिमले विद्युतीय प्रणालीमार्फत भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले नेपाल सरकारको सहकार्यमा विशेष अनुदान अन्तर्गत मातृशिशु स्वास्थ्य तथा पोषण सुधार योजना कार्यक्रम कार्यान्वयन गरेकोमा कार्यक्रमको क्रियाकलापगत बजेट तथा खर्च लगायत देखिएका अन्य व्यहोराहरु देहायनुसार छन् ।

| क्र. स . | खण्ड ( क ) सुरक्षित मातृत्व तथा बाल स्वास्थ्य कार्यक्रम | बजेट रु. | खर्च रकम रु. |
|---|---|---|---|
| १ | स्वस्थ पोषण सेवाको पूर्ण उपयोग नगर्ने दलित तथा सीमान्तकृत समुदायसंग एकिकृत पोषण कार्यक्रम | ५३१००० | ५३१००० |
| २ | एकिकृत पोषण सुधारका लागि जनप्रतिनिधि तथा विषयगत शाखा प्रमुख कर्मचारीहरुको भूमिका विषयक गोष्ठी | १००००० | १००००० |
| ३ | सुरक्षित गर्भपतन सम्बन्धी अभिमुखीकरण | १२२६५० | १२२६५० |
| ४ | हजारदिनका महिलाहरुको तथ्याङ्क संकलन, सुनौला हजार दिनको महत्व तथा पोषणसम्बन्धी अभिमुखीकरण | ६००००० | ६००००० |
| ५ | सुनौला हजार दिनका महिलाहरुलाई पोषण सामाग्री वितरण | ११०००० | ११०००० |
| ६ | फोहोरमैला लगायत अन्य सामाग्रीहरु व्यवस्थापन | १०००००० | १०००००० |
| ७ | विद्यालयमा प्र. अ . र स्वास्थ्य शिक्षकलाइ आइएफए बारे १ दिने अभिमुखीकरण तथा शिक्षकको भूमिकाबारे छलफल कार्यक्रम | ७०००० | ७०००० |
| ८ | पोषणमैत्री पालिका अभिमुखीकरण कार्यक्रम | | |
| ८.१ | गाउँपालिका अध्यक्ष, उपाध्यक्ष , वडाध्यक्ष , स्वास्थ्य संस्था प्रमुख र नर्सिङ स्टाफ सम्मिलित गरि पूर्ण संस्थागत सुत्केरी वडा घोषणाका लागि कार्यक्षेत्र निर्धारण सम्बन्धी १ दिने गोष्टी | ४०००० | ४०००० |
| ८.२ | सम्बन्धित स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरु, व्यवस्थापन समिति , निर्वाचित पदाधिकारी र महिला स्वास्थ्य स्वंयमसेविकाहरुसंग १ दिने पोषणमैत्री तथा पूर्ण संस्थागत सुत्केरी वडा उन्मुख कार्यक्रम ( ५ वटै वडाहरुमा ) | २६०००० | २६०००० |
| ९ | पोषण सेवा सुदृढीकरणका लागि पालिका भित्रका सम्पूर्ण सरोकारवालाहरुलाई अभिमुखीकरण | ३६७५०० | ३६७५०० |
| १० | खाद्यान्न तथा पोषण सुरक्षा कार्यक्रम | ३४००००० | ३४००००० |
| ११ | ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम | १८००००० | १८००००० |
| १२ | आइरन, फोलिक एसिड , क्यालसियम सम्बन्धी कार्यक्रम | ५००००० | ५००००० |
| १३ | अन्य प्रशासनिक खर्च | ९८८५० | ९६८५० |
| | जम्मा ( क ) | ९०, ०० , ०००। | ८९,९८,०००। |
| | खण्ड ( ख ) पोषण सुधार तथा पोषणमैत्री नमूना टोलमा संचालन कार्यक्रम | | |
| १ | आमा समूह तथा हजार दिनका आमाहरुलाई पूर्ण सरसफाई योजना तथा घरायसी खाद्यान्न उत्पादनबारे तालिम | ४५०००० | ४५०००० |
| २ | वडास्तरीय पोषण समिति बैठक तथा अभिमुखीकरण | ७५००० | ७५००० |
| ३ | पालिकास्तरीय पोषण समिति बैठक तथा अभिमुखीकरण | ७५००० | ७५००० |
| ४ | आइरन फोलिक, एसिड चक्की सम्बन्धी विद्यालयमा फोकल शिक्षकलाई तालिम | ६०००० | ६०००० |
| ५ | बालविवाह न्यूनीकरणबारे विद्यालयमा सचेतना तालिम | १५०००० | १५०००० |
| ६ | बाल क्लब सदस्यलाई पोषणमैत्री टोलसम्बन्धी तालिम | १४०००० | १४०००० |
| ७ | सुनौला हजार दिनका आमाहरुलाई पोषिलो झोला तथा सरसफाई किट वितरण | ५००००० | ५००००० |

| | | | |
|---|---|---|---|
| ८ | विद्यालयमा फोहोर व्यवस्थापनका लागि फोहोर मलाई निर्माण सहयोग कार्यक्रम | ५०००० | ५०००० |
| ९ | विद्यालयमा पोषण सप्ताह कार्यक्रम | १५०००० | १५०००० |
| १० | पोषणमैत्री उन्मुख टोलमा पुनर्ताजगी तालिम | ३००००० | ३००००० |
| ११ | विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई पोषणमैत्री विद्यालय अवधारणाबारे तालिम | २००००० | २००००० |
| १२ | जनचेतनामूलक कार्यक्रम तथा प्रशासनिक खर्च | २००००० | २००००० |
| | जम्मा ( ख ) | २८००००० | २८००००० |
| | कुल जम्मा ( क + ख ) | १, २० , ०० , ०००।०० | १, १९ , ९८ , ०००।०० |

यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु निम्नानुसार छन।

७४.१ **खाद्यान्न सुरक्षा कार्यक्रम** - मातृशिशु स्वास्थ्य तथा पोषण सुधार योजना कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन, दुँहु गाउँपालिकाको खण्ड (क) सुरक्षित मातृत्व तथा बाल स्वास्थ्य कार्यक्रमको क्रियाकलाप नं.१० मा हजार दिनमा महिलाहरुलाई पोषण सामग्री वितरण अन्तर्गत खाद्यान्न सुरक्षा कार्यक्रममा लक्षित समुह यस पालिकाका ५ वटा वडामा रहेका ३७ वटा स्वास्थ्य आमा समुहमा आबद्ध हजार दिनका महिलाहरुलाई पोषणका लगि आफ्नै करेसाबारीमा आत्मनिर्भर बनाउने रहेको र सञ्चालन प्रक्रियामा स्वास्थ्य आमा समुहमा आबद्ध सुनौला हजार दिनमा महिलाहरुबाट करेसाबारी निर्माणका लागि गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिले निश्चित मापदण्ड तोकि प्रस्ताव आव्हान गर्नुपर्ने व्यवस्था छ । पालिकाले करेसाबारी निर्माणका लागि खाद्य सुरक्षा निर्देशक समितिले मापदण्ड तोकि प्रस्ताव आवह्वान गरेको देखिएन । पालिकाले सुनौला हजार दिने आमाहरुबाट बीउबिजन माग गरेको विवरण, छनौट भएका लाभग्राहीहरु र बीउबिजनको परिमाण सम्बन्धमा पुष्टयाइँ हुने गरी प्रमाण राखेको देखिएन । साथै पालिकाले स्वास्थ्य समुहमा आबद्ध सुनौला हजार आमाहरुलाई बीउबिजन वितरण गर्नुपर्नेमा अन्य व्यक्तिहरुलाई पनि बीउबिजन वितरण गरी भरपाई पेश गरेको देखियो। पालिकाले प्रस्ताव आव्ह्वान नगरेको, वितरित भरपाईमा जोडजम्मा नगरेको, भरपाई प्रमाणित नरहेकोले भरपाईमा लाभग्राही संख्या र वितरित परिमाण यकिन गर्न सकिएन । साथै सुनौला हजार आमाहरुबाहेक अन्य व्यक्तिहरुलाई पनि बीउबिजन वितरण गरेको देखियो । अतः बीउबिजन खरिदबापतको रकम अनियमित देखिएको रु.

| क्र.सं. | कार्यक्रम | गो.भौ.नं.र मिति | सप्लायर्सको नाम | भुक्तानी (रू.) |
|---|---|---|---|---|
| १ | बीउ बिजन खरिद | २२।०८१।७।१ | हिमालयन एग्रोभेट एवम्सप्लायर्स (स्था.ले.नं. १११९९१५३०) | ९८९७४० |
| २ | बीउ बिजन खरिद | १७०।०८१।१२।२० | हिमालयन एग्रोभेट एवम्सप्लायर्स (स्था.ले.नं. १११९९१५३०) | ८८०६४० |
| | | | **जम्मा रू.** | **१८७०३८०** |

| | |
|---|---|
| अनियमित भएको | १८,७०,३८० |

७४.२ **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(ख) मा एक आर्थिक वर्षमा एकैपटक वा पटक पटक गरी रू.१० लाख भन्दा बढी रकमको मालसामान एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । पालिकाले बर्षभरी आवश्यक पर्ने सामानको खरिद प्याकेज बनाई आवश्यक परेको बखत आपुर्ती गर्नेगरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नु पर्नेमा गो.भौ.नं.र मिति २२।२०८१।७।१ मा हिमालयन एग्रोभेट एवम् सप्लायर्स (स्था.ले.नं. १११९९१५३०) बाट रू.९,८९,७४०।०० र गो.भौ.नं. र मिति १७०।२०८१।१२।२० मा हिमालयन एग्रोभेट एवम् सप्लायर्स (स्था.ले.नं.१११९९१५३०) बाट रू. ८,८०,६४०।०० गरी कुल रू.१८,७०,३८०।०० को बीउबिजन खरिद गरी भुक्तानी दिएको देखिन्छ । एउटै फर्मबाट रु.१० लाख भन्दा बढीको सोझै खरिद गरिएको देखियो । पालिकाले सार्वजनिक खरिद नियमावलीबमोजिम वर्षैभरी आवश्यक पर्ने यस्ता सामानको खरिद प्याकेज बनाई आवश्यक परेको बखत आपुर्ती गर्नेगरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्दछ । अतः यसतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

७४.३ **सुरक्षित गर्भपतन अभिमुखीकरण कार्यक्रम** - मातृशिशु स्वास्थ्य तथा पोषण सुधार योजना कार्यक्रम अन्तर्गत सुरक्षित गर्भपतनसम्बन्धी अभिमुखीकरण कार्यक्रममा लक्षित समुह अन्तर्गत दुहुँ गाउँपालिकाका सम्पूर्ण महिला स्वास्थ्य स्वयमसेविकाहरु र सम्पूर्ण स्वास्थ्य

संस्था सञ्चालन तथा व्यवस्थापन समितिहरु रहने र ५ स्वास्थ्य संस्थाहरु अन्तर्गतका समितिहरुलाई १/१ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख छ । पालिकाले गो.भौ.नं. र मिति ३६१।२०८२।३।२२ ले सुरक्षित गर्भपतनसम्बन्धी अभिमुखीकरण कार्यक्रम शीर्षकमा रू.१,२२,६५०।०० बजेट रहेकोमा सोही शीर्षकबाट मिति २०८२।३।१४ मा वडा नं. १ मा सुनौला हजार दिने आमाहरुलाई सुरक्षित गर्भपतनसम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम संचालन गरी रु.१,२१,३५०।०० खर्च लेखेको देखियो। पालिकाले मार्गदर्शनमा व्यवस्था भएको लक्षित समूहलाई तालिम सञ्चालन नगरी अन्य समुहलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको नियमसम्मत देखिएन । अतः अनियमित देखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १,२१,३५० |

७४.४ **ढुवानी खर्च**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मुल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्न सक्ने व्यवस्था छ । पालिकाले मातृशिशु स्वास्थ्य तथा पोषण सुधार योजना कार्यक्रम विभिन्न कार्यक्रममा न्यूनतम ढुवानी दर नतोकी ढुवानी खर्चबापत खर्च लेखेको देखियो। पालिकाले ऐनबमोजिम न्युनतम ढुवानीदर तोकेर मात्र ढुवानी खर्च लेख्नुपर्दछ।

**केही उदाहरणहरुः**

| क्र.सं. | गो.भौ.नं.र मिति | कार्यक्रम | विवरण | रकम रु. |
|---|---|---|---|---|
| १ | ३२१।०८२।३।२१ | खाद्यान्न तथा पोषण सुरक्षा कार्यक्रम | सुनौला हजार दिने आमाहरुलाई करेसाबारी निर्माणका लागि बीउबिजन खरिद गरी वितरण गरेकोमा खलंगादेखि ५ वटै वडाहरुमा बीउबिजन ढुवानीबापतको रकम रु. | ४५००० |
| २ | ३३५।०८२।३।१९ | विद्यालयमा फोहर व्यवस्थापनका लागि फोहर मलाई निर्माण | विद्यालयहरुलाई १४ वटा फोहरमैलाई फलामे बक्स निर्माणका लागि सामग्रीहरु खलंगा देखि दुहुँ-१, सम्म ढुवानी | १५००० |
| ३ | ३६६।०८२।३।२२ | खाद्यान्न तथा पोषण सुरक्षा कार्यक्रम | सुनौला हजार दिने आमाहरुलाई करेसाबारी निर्माणका लागि बीउबिजन खरिद गरी वितरण गरेकोमा खलंगा देखि ५ वटै वडाहरुमा बीउबिजन ढुवानीबापतको रकम रु. | २५००० |
| | | | **जम्मा रू.** | **८५०००** |

७४.५ **अनुगमन प्रतिवेदनः** पालिकाबाट जारी भएको विशेष अनुदानका लागि कार्यक्रम संचालन मार्गदशन को बुदाँ नं १० मा MSNP Committee ले सुनौला हजार दिनका महिलाहरुको घरमा करेसाबारी निर्माणको स्थलगत अनुगमन गरी अनिवार्य रुपमा पालिकामा पेश गर्ने उल्लेख रहेकोमा लेखापरीक्षण अवधि (०८१ भाद्र) सम्म अनुगमन प्रतिवेदन पेश नभएकोले स्थलगत अनुगमन गरी मार्गदर्शनमा उल्लेख भएबमोजिम कार्य भएको सुनिश्चित देखिने अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ।

## ७५ कार्यसम्पादन जमानत

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा सम्झौता गर्न कार्यसम्पादन जमानत पेश गर्नुपर्ने, स्वीकृत बोलपत्रको बोलपत्रदाताले ऐनको दफा २७ को उपदफा (४) बमोजिम कार्यसम्पादन जमानत पेश गर्दा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको ढाँचामा ऐनको दफा २७ को उपदफा (३) बमोजिमको म्यादभित्र वाणिज्य बैङ्कबाट जारी भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने ब्यवस्था रहेको छ । साथै निर्माण सम्पन्न भएको १३ महिनाको कार्यसम्पादन जमानत हुनुपर्ने व्यवस्था छ । जनविकास माध्यमिक विद्यालय, बागबाज भवन निर्माणको सि.बी. एण्ड एबि. विल्डर्ससँग सम्झौता भएकोमा निजले राखेको कार्यसम्पादन जमानतवापत रू. १८ ९०,०००।०० को म्याद सन् २०२५ जुलाई २९ सम्मको हुनुपर्नेमा सन् २०२५ मे ८ सम्मको राखि कार्यसम्पन्न गरेको देखिन्छ । ऐनमा भएको व्यवस्था बमोजिम कार्यसम्पादन जमानत लिएको देखिएन । अतः पालिकाले ऐनमा भएको व्यवस्था बमोजिम कार्यसम्पादन जमानत लिन ध्यान जानुपर्दछ ।

## ७६ सुनौला हजार कार्यक्रम

बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१ को दफा ७(२) मा स्थानीय तहको पोषण प्रोफाइलका आधारमा पोषणको अवस्था सबैभन्दा कमजोर रहेका विपन्न समुदायका घरधुरी पहिचान गरी लक्षित बस्तीभित्रका विपन्न घरधुरीका २५ जना सुनौला हजार दिनका महिला सदस्यहरु रहने गरी समुह गठन गर्ने, छनोट भएका लाभग्राहीले पेश गरेको आयआर्जन तथा पोषण सुधारको कार्ययोजनाका आधारमा प्रति लाभग्राही रु.२५,०००।०० का दरले पोषण सुधारका लागि आयआर्जन अनुदान उपलब्ध गराउन सकिने व्यवस्था छ । यस सम्बन्धमा देखिएका थप बेहोराहरु निम्नानुसार छन्।

७६.१ **पोषण आयआर्जन अनुदान -** बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१ को ७(२) मा स्थानीय तहको पोषण प्रोफाइलका आधारमा पोषणको अवस्था सबैभन्दा कमजोर रहेका विपन्न समुदायका घरधुरी पहिचान गरी लक्षित बस्तीभित्रका विपन्न घरधुरीका २५ जना सुनौला हजार दिनका महिला सदस्यहरु रहने गरी समुह गठन गर्ने, छनोट भएका लाभग्राहीले पेश गरेको आयआर्जन तथा पोषण सुधारको कार्ययोजनाका आधारमा प्रति लाभग्राही रू.२५,०००।०० का दरले पोषण सुधारका लागि आयआर्जन अनुदान उपलब्ध गराउन सकिने व्यवस्था छ । पालिकाले हरियाली हजार दिन महिला समुहका कुल २८ जना सुनौला हजार दिन सदस्यहरुलाई प्रति सदस्य रू.२५०००।०० का दरले कुल रु.७ लाख निकासा गरेको देखियो । पालिकाले अनुदान निकासा गरेको अनुदानग्राहीहरु स्थानीय तहभित्रका पोषणको अवस्था सबैभन्दा कमजोर रहेका विपन्न समुदायको सुनौला हजार दिनका महिलाहरु हुन भन्न सक्ने सम्बन्धमा कुनै प्रमाण पेश छैन । सो कारण आर्यआर्जन अनुदान स्थानीयतह भित्रका पोषणको अवस्था सबैभन्दा कमजोर रहेका विपन्न समुदायको सुनौला हजार दिनका महिलाहरुलाई निकासा भएको सम्बन्धमा यकिन हुन सकिएन । तसर्थ, पालिकाले सशर्त कार्यक्रममा व्यवस्था भएबमोजिम पोषणको अवस्था सबैभन्दा कमजोर रहेका विपन्न समुदायको घरधुरी पहिचान गरि लक्षित बस्तीभित्रका विपन्न घरधुरीका सुनौला हजार दिनका महिलाहरु छनोट गरी आयआर्जन अनुदान प्रदान गर्नुपर्दछ।

७६.२ **प्रमाण पेश गर्नुपर्ने :** पालिकाले आयआर्जन अनुदान प्रदान गरिएका अनुदानग्राहीहरु सुनौला हजार दिने आमाहरु हुन वा होइनन भन्ने सम्बन्धमा केही पुष्ट्याइँहरु पेश भएको देखिएन। तसर्थ पालिकाले सशर्त कार्यक्रममा व्यवस्था अनुदान प्रदान गरिएका सदस्यहरु सुनौला हजार दिने आमाहरु हुन वा होइनन भन्ने सम्बन्धमा प्रसुती एएनसी कार्ड तथा स्वास्थ्य संस्थाबाट सिफारिसको प्रमाणहरु पेश हुनुपर्ने रु.

| **क्र.स.** | **अनुदानग्राहीकोनाम** | **अनुदान रकम (रु.)** | **कैफियत** |
|---|---|---|---|
| १ | श्री उर्मिला धामी | २५००० | प्रमाण पेश गर्नुपर्ने |
| २ | श्री कलावती धामी | २५००० | प्रमाण पेश गर्नुपर्ने |
| ३ | श्री जानकी देवी बडाल | २५००० | प्रमाण पेश गर्नुपर्ने |
| ४ | श्री नन्दा धामी | २५००० | प्रमाण पेश गर्नुपर्ने |
| ५ | श्री रेखा खत्री | २५००० | प्रमाण पेश गर्नुपर्ने |
| ६ | श्री विमला पार्की | २५००० | प्रमाण पेश गर्नुपर्ने |
| ७ | श्री शोभा ऐरी | २५००० | प्रमाण पेश गर्नुपर्ने |
| | **जम्मा रू.** | **१७५०००** | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-७** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-८** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-८** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-७** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-७** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-७** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-८** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-८** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७५,००० |

७७ **कार्यक्रमको दिगोपना**

दुहुँ गाउँपालिकामा मातृत्व स्वास्थ्य तथा पोषण सुधार योजना अन्तर्गत आर्थिक वर्ष २०८०।८१ मा रु.१ करोड र २०८१/८२ मा करिब रू. १ करोड २० लाख रुपैयाँ बराबरको विशेष अनुदान खर्च भएको देखियो । जसअन्तर्गत यस आर्थिक वर्षमा दलित तथा सीमान्तकृत समुदायमा एकिकृत पोषण कार्यक्रम, सुनौला हजार दिनका महिलाहरूलाई लक्षित पोषण सामग्री वितरण, सुरक्षित गर्भपतन अभिमुखीकरण, ग्रामीण अल्ट्रासाउण्ड, विद्यालयस्तरीय तालिम, सरसफाई तथा पोषणमैत्री टोल निर्माण, पोषण समिति बैठक, खाद्यान्न तथा पोषण सुरक्षा र पोषणमैत्री विद्यालय कार्यक्रम लगायतका क्रियाकलापहरु सम्पन्न भएका छन् । बजेटको ठूलो हिस्सा प्रशासनिक तथा गोष्ठीजन्य कार्यमा खर्च भएको देखिन्छ । पालिकाले यसलाई उत्पादनमूलक र प्रत्यक्ष लाभ दिने क्षेत्रमा केन्द्रित गर्नुपर्छ। पालिकाले नियमित प्रभावकारी अनुगमन तथा मूल्याङ्कनमार्फत कार्यक्रमको प्रभावकारिता मापन गर्नुपर्दछ।

७८ **कृषि स्नातक करार**

स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०८१ को दफा ९ मा कृषि स्नातक प्राविधिकको काम, कर्तव्य र जिम्मेवारी अनुसूची-१ बमोजिम हुने र दफा १० मा कृषि स्नातक प्राविधिकले स्वीकृत वार्षिक कार्ययोजना अनुसार मासिक कामको प्रगति विवरण अनुसूची-६ बमोजिमको ढाँचामा प्रत्येक महिनाको २ गते पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघीय सरकारबाट हस्तान्तरित चालु शीर्षकबाट विभिन्न गो.भौ.नं. बाट कृषि स्नातक करार अन्तर्गत कृषि अधिकृतलाई तलब भत्ताबापत रू.५,६७,९५७।०० खर्च लेखेकोमा मासिक कामको प्रगति विवरण संलग्न गरेको देखिएन। तसर्थ पालिकाले कार्यविधिमा व्यवस्था भएबमोजिम स्वीकृत वार्षिक कार्ययोजना अनुसार मासिक कामको प्रगति विवरण संलग्न गर्नुपर्दछ ।

७९ **उत्तर प्रसुती स्याहार कार्यक्रम**

आर्थिक वर्ष २०८१।८२ मा स्थानीय तहबाट सञ्चालन गरिने स्वास्थ्यतर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु सञ्चालनसम्बन्धी मार्गदर्शनको पेज नं. ७६ मा स्थानीय तहमा उत्तर प्रसुती स्याहार घरभेट कार्यक्रम शीर्षकमा गतवर्ष घरभेट गर्नका लागि आवश्यक पीएनसी घरभेटका लागि ब्याग व्यवस्था नगरेको भए सोको व्यवस्था गर्ने प्रावधान रहेको छ । पालिकाले ३० वटा ल्यापटप ब्याग खरिद गरी स्वास्थ्यकर्मीहरुलाई हस्तान्तरण गरी संघीय सरकारबाट हस्तान्तरित चालु गो.भौ.नं. मिति १६९।२०८१।१२।१९ मा रु.६०,०००।०० खर्च लेखेकोमा गतवर्ष घरभेटका लागि ब्याग व्यवस्था गरे वा नगरेको सम्बन्धमा कुनै कागजातहरु संलग्न गरेको देखिएन । पालिकाले मार्गदर्शनबमोजिम सो कार्यक्रममा गतवर्ष ब्याग खरिद नभएको सुनिश्चितता गरेरमात्र खर्च लेख्नुपर्दछ । अतः पालिकाले यसतर्फ ध्यान पुर्‍याउनुपर्दछ ।

८० **उत्तर प्रसुती स्याहार कार्यक्रमको समीक्षा तथा योजना तर्जुमा गोष्ठी**

आर्थिक वर्ष २०८१।८२ मा स्थानीय तहबाट सञ्चालन गरिने स्वास्थ्यतर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु सञ्चालनसम्बन्धी मार्गदर्शनको पेज नं. ७६ मा स्थानीय तहमा उत्तर प्रसुती स्याहार घरभेट कार्यक्रमको समीक्षा तथा योजना तर्जुमा गोष्ठी सञ्चालनका लागि उत्तर प्रसुती स्याहार घरभेट कार्यक्रमको सुक्ष्म योजना तथा सञ्चालन निर्देशिका, २०७७ मा व्यवस्था भएअनुसार विभिन्न सरोकारवालाहरुलाई संलग्न गराई १ दिने गोष्ठी आयोजना गर्नुपर्ने र यसै छलफलमा कार्यक्रमको स्वास्थ्य संस्था अनुसारको कार्ययोजना बनाइ लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले मिति २०८१।९।२२ मा उत्तर प्रसुती स्याहार घरभेट कार्यक्रमको समीक्षा तथा योजना तर्जुमा गोष्ठी सञ्चालन गरि संघीय सरकारबाट हस्तान्तरित चालु गो.भौ.नं. मिति १६९।२०८१।१२।१९ मार्फत रु.४,७३००।०० खर्च लेखेकोमा निर्देशिका बमोजिम स्वास्थ्यसंस्था अनुसारको कार्ययोजना तयार गरेको देखिएन। पालिकाले मार्गदर्शनमा व्यवस्था भएबमोजिम कार्ययोजना बनाएर मात्र खर्च लेख्नुपर्दछ।

८१ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, व्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सुचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधीको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनुपर्दछ । त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । पालिकाले औषधि खरिदमा खर्च गरेको कुल रकम रू.२१ लाख ६० हजार खर्च सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएका थप बेहोराहरू निम्नानुसार छन् ।

- खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,
- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं. र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,
- आपूर्ति भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकीन गर्न सकिएन ।
- औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,
- औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।
- पालिकाले आयात गरेको औषधीको स्पेसिफिकेसन अनुसार दाखिला गरेको तथा ईन्सफेक्सनसमेत नगरी बुझि लिएकोले तोकेको गुणस्तरका औषधी आए नआएको नखुलेको।
- खरिद गरिएको औषधीमा निःशुल्क वितरणको लागि उल्लेख नभएको र
- केही औषधीहरूको भौतिक परीक्षण गर्दा ५ महिना मात्र म्याद भएका औषधी पनि खरिद गरेको र अन्य निकायबाट प्राप्त भएको औषधीको अभिलेखसमेत व्यवस्थित गरी राखेको देखिएन ।

तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरू जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

८२ **पोषण कार्यक्रमको समिक्षा तथा कार्ययोजना**

आर्थिक वर्ष २०८१।८२ मा स्थानीय तहबाट सञ्चालन गरिने स्वास्थ्यतर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु सञ्चालनसम्बन्धी मार्गदर्शनमा पालिकास्तरीय पोषण कार्यक्रमको समीक्षा तथा कार्ययोजना तयारी कार्यक्रम पहिलो त्रैमासिकमा एकपटक ३ दिनको हुने व्यवस्था छ । बजेट अपुग भएमा पालिकाले स्रोत व्यवस्थापन गर्नुपर्ने र समीक्षाको आधारमा कार्यक्रमको विश्लेषण,

मूल्याङ्कन गरी वार्षिक कार्ययोजना तयार गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले पालिकास्तरीय पोषण कार्यक्रमको समीक्षा कार्यक्रम मिति २०८१।९।१८ र २०८१।९।१९ गते २ दिनमा सम्पन्न गरी संघीय सरकारबाट हस्तान्तरित चालु गो.भौ.नं.मिति ८८।२०८१।१०।८ मार्फत् रु.५७,६००।०० खर्च लेखेको तथा कार्ययोजनासमेत तयार गरेको देखिएन । पालिकाले मार्गदर्शनमा व्यवस्था भएबमोजिम कार्ययोजना बनाएर मात्र खर्च लेख्नुपर्दछ ।

## ८३ एचपीभी खोप अभियान

एच.पी.भी. खोप अभियान तथा नियमित खोप शुरुवातको लागि स्वयमसेवक तथा महिला स्वास्थ्य स्वयम सेविकाहरुको अभिमुखिकरण कार्यक्रमका लागि जनस्वास्थ्य निरीक्षक दर्पान सिंह कुँवरलाई रू.३,३०,२९०।०० पेश्की दिई गो.भौ.नं.मिति १२६।२०८१।११।१८ मार्फत फर्स्यौट गरेको देखियो । पालिकाले पेश गरेको बिल भर्पाईहरु अनुसार सो कार्यक्रमहरुमा सम्बन्धित स्वास्थ्य संस्थाहरुकै नाममा बिल भर्पाई जारी भएको र जनस्वास्थ्य निरीक्षकले स्वास्थ्य संस्थाहरुलाई रकम बुझाएको भरपाई पेश गरेकोले कार्यक्रमको भुक्तानी गर्दा सम्बन्धित स्वास्थ्य संस्थाहरुकै नाममा विद्युतीय भुक्तानी माध्यमबाट भुक्तानी गर्नुपर्दछ। अतः यसतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

## ८४ शिक्षक अनुदान

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. १.१ अनुसार विद्यालयबाट अद्यावधिक शैक्षिक सुचना व्यवस्थापन प्रणालीमा यकिन भएका आधारभुत तथा माध्यमिक तह सञ्चालित विद्यालयमा तपसिलको संख्या र दामा विद्यालय सहयोगी कर्मचारी र विद्यालय सहायक कर्मचारी व्यवस्थापनका लागि यस क्रियाकलापबाट देहायअनुसारको पारिश्रमिक सम्बन्धित विद्यालयसँग प्रमाणित हाजिरी र सिफारिस माग गरी स्थानीय तहबाट रुजु गर्ने गरी पारिश्रमिकका रुपमा अनुदान सकिने व्यवस्था रहेको छ । त्यसैगरी क्रियाकलाप नं. १.३ मा स्थानीय तहले प्रारम्भिक बालविकास शिक्षक/सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिक व्यवस्था गर्दा नेपाल सरकारले निर्धारिण गरे बमोजिमको मासिक न्यूनतम पारिश्रमिकमा उल्लेखित रकममा नपुग हुने रकम थप गर्नुपर्ने छ । यसरी पारिश्रमिक उपलब्ध गराउदा स्थानीय तहले बाल विकासका शिक्षकलाई र विद्यालय सहायक कर्मचारीलाई आफ्नो स्रोतबाट व्यहोर्ने गरी उल्लेखित न्यूनतम पारिश्रमिक भन्दा बढी हुने व्यवस्था मिलाउनसमेत सकिने व्यवस्था रहेकोमा पालिकाले आन्तरिक श्रोतबाट खर्च नलेखि वित्तीय समानीकरण अनुदानबाट खर्च लेखेको पाइयो । अतः उक्त खर्च रकम नियमसम्मत नदेखिएको रू.

**(विस्तृत विवरण बेरूजु दफा ८४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | १४,१७,००० |

## ८५ विद्यालयगत लेखापरीक्षण प्रतिवेदन

विद्यालयगत आर्थिक लेखापरीक्षण प्रतिवेदन पेश नभएको

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को १.१ अनुसार विद्यालयबाट अद्यावधिक शैक्षिक सुचना व्यवस्थापन प्रणालीमा यकिन भएका आधारभुत तथा माध्यमिक तह सञ्चालित विद्यालयमा तपसिलको सङ्ख्या र दामा विद्यालय सहयोगी कर्मचारी र विद्यालय सहायक कर्मचारी व्यवस्थापनका लागि यस क्रियाकलापबाट देहायअनुसारको पारिश्रमिक सम्बन्धित विद्यालयसँग प्रमाणित हाजिरी र सिफारिस माग गरी स्थानीय तहबाट रुजु गर्ने गरी पारिश्रमिकका रूपमा अनुदान सकिने १.३ मा स्थानीय तहले प्रारम्भिक बालविकास शिक्षक/ सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिक व्यवस्था गर्दा नेपाल सरकारले निर्धारिण गरेबमोजिमको मासिक न्यूनतम पारिश्रमिकमा उल्लेखित रकममा नपुग हुने रकम थप गर्नुपर्ने छ। यसरी पारिश्रमिक उपलब्ध गराउँदा स्थानीय तहले बाल विकासका शिक्षकलाई र विद्यालय सहायक कर्मचारीलाई आफ्नो स्रोतबाट व्यहोर्नेगरी उल्लेखित न्यूनतम पारिश्रमिकभन्दा बढी हुने व्यवस्था मिलाउन समेत सकिनेछ भन्ने व्यवस्था रहेकोमा पालिकाले आन्तरिक श्रोतबाट खर्च नलेखि वित्तिय समानीकरण अनुदानबाट खर्च लेखेको पाइएकोले उक्त खर्च रकम नियमसम्मत नदेखिएको रुनेपाल सरकारको शिक्षा मन्त्रालयद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.१० को बुँदा ५.४ मा आधारभुत तह सञ्चालित विद्यालयहरुलाई सामाजिक तथा आर्थिक लेखापरीक्षण लगायतमा वार्षिक रुपमा एकमुष्ट रू.१०,०००।०० तथा माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई सामाजिक तथा आर्थिक लेखापरीक्षण लगायतमा वार्षिक रुपमा एकमुष्ट रू.१५०००।०० उपलब्ध गराउने व्यवस्था छ । पालिकाले निम्नानुसारका सामुदायिक विद्यालयहरुलाई सामाजिक तथा आर्थिक लेखापरीक्षणका लागि रू.२१५०००।०० निकासा गरेको देखियो । पालिकाले

लेखापरीक्षणका क्रममा विद्यालयहरुले आर्थिक वर्ष २०८१।८२ को आर्थिक लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन । अतः लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्ने रू.

| **क्र.सं.** | **विद्यालयकोनाम** | **निकासा (रू.)** |
|---|---|---|
| १ | श्री सोमनाथआ. वि.सुत्खोला | १०००० |
| २ | श्री दहधारआ. वि. गुना | १०००० |
| ३ | श्री ब्रह्मआ. वि.पाँसु | १०००० |
| **जम्मा रू.** | | **३००००** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२३** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२३** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२३** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,००० |

८६ **सेनिटरी प्याड खरिद**

कार्यक्रम कार्यान्वयन कार्यविधि आर्थिक वर्ष २०८१।८२ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ मा अध्ययनरत सबै छात्राहरुका लागि नि:शुल्क सेनिटरी प्याड व्यवस्थामा वार्षिक १० महिना अवधिका लागि निशुल्क सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ५ को उपदफा १ र २ मा विद्यालयले छात्रा संख्याको आधारमा आवश्यक पर्ने सेनिटरी प्याड स्थानीय तहमा माग गर्ने र माग भएको संख्यालाई शिक्षा शाखाले IEMIS तथ्याङ्कसंग भिडाई विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउन सकिने व्यवस्था छ । त्यसैगरी दफा ६(४)मा छात्राहरुलाई एउटा महिनावारी चक्रका लागि बढीमा १६ वटा सम्म सेनिटरी प्याड उपलब्ध गराउन सकिने व्यवस्था छ । पालिकाले ईमिस तथ्याङ्कका आधारमा कक्षा ६-१२ मा अध्ययरत छात्राहरुको संख्या ५५९ जना रहेको यकिन कुल ९५३० प्याकेट प्याड खरिदका लागि लागत अनुमान तयार गरी खरिद प्रक्रिया बढाएकोमा सोझे खरिद विधिद्धारा मौजुदा सुचीमा दर्ता भएका ३ वटा फर्महरुसंग दररेट लिई सबैभन्दा कम दररेट उपलब्ध गराउने एस.एल. इन्टरप्राइजको प्रति प्याकेट रु.७३.४५ (मू.अ.कर समेत) स्वीकृत गरी ९५३० प्याकेट (प्रति प्याकेट ८ पिस) सेनिटरी प्याड खरिद गरी रु.६९९९७८ खर्च लेखेको देखियो। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु निम्नानुसार छन।

८६.१ **सेनिटरी प्याङ न्यूनतम मापदण्ड** - सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ३ को उपदफा ४ सँग सम्बन्धित अनुसूची-१ मा सेनिटरी प्याडको मापदण्डमा सेनिटरी प्याडको साइज न्युनतम २४०+२० वा २४०-२० एमएम लम्बाइ, ६० देखि ७५ एमएम चौडाई र मोटाई १५+२ वा १५-२ एमएम हुनुपर्ने व्यवस्था छ । पालिकाले सेनिटरी प्याडको साइज २८० एमएम लम्बाई राखि लागत अनुमान तयार गरेको तथा बिल तथा दाखिला विवरणअनुसार एकस्ट्रा लार्ज २८० एमएम लम्बाईको स्यानिटरी प्याड खरिद भएको देखियो। कार्यविधिले कक्षा ६-१२ मा अध्ययन गर्ने छात्राहरुलाई मध्यनजर गरी साइज २४० ±२० तोकेको अवस्थामा पालिकाले बढी साइजको खरिद गर्दा थप व्ययभार तथा प्रयोगको सहजता लगायतमा असर पर्ने देखिन्छ । साथै यसै जिल्लाको लेकम गाउँपालिकाले आ.व.२०८१।८२ मा सिलबन्दी दरभाउपत्र विधिद्धारा २४० एमएमको सेनिटरी प्याड प्रति प्याकेट रु.२६.४९(मू.अ.कर समेत) खरिद गरेको देखिएकोमा पालिकाले सोझै खरिद गरेकोमा प्रति प्याकेट रु.४६.५६ का दरले कुल ९५३० प्याकेट खरिदमा रु.४४३७१६ व्ययभार परेको देखियो। तसर्थ पालिकाले मापदण्डमा व्यवस्था भएभन्दा फरक साइजको सेनिटरी प्याड सोझै खरिद विधिद्धारा खरिद गरी रू.४,४३,७१६।०० व्ययभार परेको देखिन्छ । पालिकाले मापदण्डमा उल्लेख गरेबमोजिमको स्पेसिफिकेसनअनुसार र बढी भन्दा बढी प्रतिस्पर्धा हुनेगरी सेनिटरी प्याड खरिद गर्नुपर्दछ ।

८६.२ **सेनिटरी प्याड दाखिला** - सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ६ को उपदफा १ मा विद्यालयले प्राप्त सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राख्नुपर्ने व्यवस्था छ । पालिकाले एस.एल. इन्टरप्राइजसँग प्रति प्याकेट रु.७३।४५ (मू.अ.कर समेत) ले ९५३० प्याकेट (प्रति प्याकेट ८ पिस) सेनिटरी प्याड खरिद गरी रु.६,९९,९७८।०० खर्च लेखेकोमा सो सेनिटरि प्याडहरु विभिन्न विद्यालयहरुले बुझेको भर्पाई तथा विद्यालयहरुले सो सेनिटरी प्याडहरु कार्यविधि बमोजिम जिन्सी खातामा अभिलेख राखेको देखिएन । सो सेनिटरी प्याडहरु जिन्सी खातामा दाखिला नभएका कारण तथा सेनिटरी प्याडको गत वर्षको मौज्दात, यसवर्षको खर्च स्थिति र बाँकी मौज्दात सम्बन्धमा यकिन हुन सकिएन । तसर्थ पालिकाले कार्यविधिबमोजिम विद्यालयहरुबाट रु.६,९९,९७८।०० मूल्य बराबरको ९५३० प्याकेट सेनिटरी प्याडको जिन्सी दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,९९,९८७ |

८७ **सामुदायिक सिकाइ केन्द्रको अनुदान**

कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।०८२ को क्रियाकलाप नं.२.७.१३.११ को ६.७ (क) सामुदायिक सिकाइ केन्द्रको सञ्चालन अनुदानको लागि एकमुष्ट रु. ३ लाख अनुदान उपलब्ध गराउने जसका लागि शैक्षिक सुचना व्यवस्थापन प्रणाली भरेको हुनुपर्ने मापदण्ड तोकिएको छ । तर पालिकाले सो मापदण्ड पुरा नगरी निम्नानुसारका सिकाई केन्द्रहरुलाई निकासा दिएको रकम अनियमित देखिएकोले नियमित हुनुपर्ने रु.

| गो.भौ.नं. मिति | सामुदायिक सिकाई केन्द्र | निकासा रकम रु. |
|---|---|---|
| २०।०८१।६।१९ | ब्रहम सामुदायिक सिकाई केन्द्र | ३००००० |
| २०।०८१।६।१९ | श्रीचन सामुदायिक सिकाई केन्द्र | ३००००० |
| | **जम्मा** | **६०००००** |

| | |
|---|---|
| अनियमित भएको | ६,००,००० |

८८ **शिक्षकको तलब भत्ता**

नेपाल सरकारको शिक्षा मन्त्रालयद्धारा प्रकाशित कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं.१.७ कार्यक्रम कार्यान्वियन सम्बन्धी मार्गदर्शन, वित्तीय व्यवस्थापन खण्डमा सबै स्थानीय तहले वित्तीय हस्तान्तरण भएको सशर्त अनुदान कार्यक्रमको महालेखापरीक्षकको कार्यालयद्धारा अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले त्रैमासिक रुपमा विद्यालयबाट माग फारम संकलन गरी विद्यालयहरुमा शिक्षकको तलब भत्ता निकासा गरेको देखियो । शिक्षकहरुको बैंक खातामा तलब भत्ता भुक्तानी तथा स्थायी शिक्षकहरुको कर्मचारी संचय कोष, नागरिक लगानी कोष तथा बीमा, कर कट्टीबापतको रकमहरु कट्टी गरी सम्बन्धित शीर्षकहरुमा दाखिला गरेको देखिएन । विद्यालयहरुले आर्थिक वर्ष २०८१।८२ को आर्थिक लेखापरीक्षणको प्रतिवेदनसमेत पेश नगरेको देखिएबाट तलब भत्ता निकासा सम्बन्धमा यकिन हुन सकिएन। पालिकाले त्रैमासिक रुपमा विद्यालयहरुमा शिक्षकको तलबभत्ता माग फारम तथा अघिल्लो त्रैमासिकको तलबभत्ता भुक्तानीको विवरणसमेत पेश भएपछि मात्र तलब भत्ता निकासामा खर्च लेख्नुपर्दछ । अतः यसतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

८९ **दिवा खाजा अनुगमन तथा मूल्याङ्कन**

सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ को कार्यक्रम अनुगमन तथा मूल्याङ्कनमा स्थानीय तहले निर्धारित मापदण्ड, गुणस्तर तथा परिमाणअनुसार विद्यालयमा खाद्य सामग्री/खाजा आपूर्ति भए वा नभएको, खाजा कार्यक्रमले विद्यालयहरुमा विद्यार्थी भर्ना, नियमितता, निरन्तरता र सिकाईस्तरमा सुधार भए वा नभएको, स्थानीय कृषि उपजमा आधारित खाद्य सामग्रीबाट दिवा खाजा तयारी तथा उपलब्ध भए वा नभएको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघीय सशर्त चालु गो.भौ.नं.४११।०८२।३।२४ मार्फत दिवा खाजाको खाद्यान्न ढुवानीबापत १९ विद्यालयहरुलाई प्रति के.जी. प्रति कोष रु.५।५ का दरले मानिसद्धारा ढुवानीबापत रु.२,५५,३४२।०० निकासा गरेको देखियो। पालिकाले दिवाखाजाको खाद्यान्न ढुवानीबापतको रकम निकासा गरेकोमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजिकरण पुस्तिका, २०७६ बमोजिम स्थानीय तहले विद्यालयमा दिवा खाजा निर्धारित मापदण्ड तथा गुणस्तर अनुसार भए वा नभएको सम्बन्धमा यकिन गरेको छैन । पालिकाले मापदण्डमा व्यवस्था भएबमोजिम निर्धारित मापदण्ड, गुणस्तर तथा परिमाणअनुसार विद्यालयमा खाद्यसामाग्री/खाजा आपूर्ति भए वा नभएको, खाजा कार्यक्रमले विद्यालयहरुमा विद्यार्थी भर्ना, नियमितता, निरन्तरता र सिकाई स्तरमा सुधार भए वा नभएको, स्थानीय कृषि उपजमा आधारित खाद्य सामाग्रीबाट दिवा खाजा तयारी तथा उपलब्ध भए वा नभएको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ ।

९० **विद्यालयगत निकासा खाता**

विद्यालय कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्याबधिक गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन। अतः विद्यालयलाई जाने सबै

रकमहरु देखिने गरी (आवश्यकता अनुसार सफ्टवेयरमासमेत) प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ।

## ९१ समानिकरण अनुदानबाट शिक्षकको तलब:

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८१ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि १९ विद्यालयका का ४४ दरबन्दी बाहिरका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.१ करोड १३ लाख ५ हजार तलब भत्ता भुक्तानी गरेको छ ।

## ९२ शिक्षक दरबन्दी र पदपूर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १९ सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र स | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्तीमध्ये करार | संघिय अनुदान | जम्मा | बिद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| १ | गणेश मा वि सिमली | ७ ( १ राहत) | | ३ | १० | ११८ |
| २ | गौरिलमाण्डौ मा वि हिकिला | १५ (३ राहत) | | | १५ | ३६५ |
| ३ | जनविकास मा वि बारबाज | २३ (६ राहत) | ७ | | २३ | २८६ |
| ४ | धारीपाटा मा वि धारी | ९ (४ राहत) | | | ९ | १७८ |
| ५ | पिपलचौरी मा वि विण | ७ (२ राहत) | | ३ | १० | १४१ |
| ६ | महादेव आ वि फारा | ३ | | | ३ | ४३ |
| ७ | दहधार आ वि गुना | ३ | | | ३ | ४० |
| ८ | हुनैनाथ आ वि बस्पाली | ३ | १ | | ३ | १८ |
| ९ | मष्टकेदार आ वि गोकुल | ४ (१ राहत) | | | ४ | ४७ |
| १० | भगवती आ वि पोक्से | ४ | १ | | ४ | ४१ |
| ११ | भवानी आ वि भगनाडी | ४ | | | ४ | ४३ |
| १२ | भुमिराज आ वि कम्दा | ३ | | १ | ४ | ९० |
| १३ | सोमनाथ आ वि सुत्खोला | ३ | १ | १ | ४ | ८४ |
| १४ | लटिनाथ आ वि बोहरीगाउ | ३ | | | ३ | ३३ |
| १५ | दुर्गा आ वि गरमोरा | ३ | | | ३ | ३१ |
| १६ | ब्रह्म आ वि पाँसु | ३ ( १राहत) | | | ३ | ४० |
| १७ | टुडीखेल आ वि खर्रा | ३ (१राहत) | | | ३ | १३ |
| १८ | दुर्गास्थान आ वि खेती | ३ (१ राहत) | | | ३ | ११ |
| १९ | सोमनाथ आ वि सौतोली | ३ | | | ३ | १८ |

## ९३ सामाजिक सुरक्षा भत्तातर्फ

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन २०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति २०७४ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ। पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यस वर्ष रू. ५,३१,०९,११७।०० खर्च देखाई आर्थिक विवरण पेश गरेको छ। पालिकाले सामाजिक सुरक्षा भत्ता त्रैमासिक रुपमा बैंक मार्फत वितरण गर्ने गरेको पाइयो। यस सम्बन्धमा देखिएको बेहोराहरू निम्नानुसार छन् ।

९३.१ **लाभग्राहिको फोटो** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन। साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्नुपर्दछ । पालिकाले सो प्रणालीमा लाभग्राहीको फोटोसहितको पुरा विवरण अभिलेख राखि अद्यावधिक गरेको देखिएन।

९३.२ **लगत कट्टा** - कार्यविधिको दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनुपर्दछ । यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्दछ । यसरी घटना दर्ता गर्दा लाभग्राही विवरणसमेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । साथै सामाजिक सुरक्षा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको मुल अभिलेख (VERSPMIS) प्रणालीमा समेत अद्यावधिक गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा आ.व. २०८१।८२ मा लगत कट्टाको विवरण माग भएकोमा लगत कट्टाको स्पष्ट अभिलेख प्राप्त नभएकोले लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए वा नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छ/छैन भनि यकिन गर्न सकिएन। प्रणालीबाट देखिएका लगत कट्टाको विवरण ईएफटीसंग भिडान गर्दा निम्न लाभग्राहीको खातामा लगतकट्टा मिति पछि पनि रकम जम्मा भएको देखिएकोमा गो.भौ.नं. मिति ५२।२०८२।३।१२ मा वडा नं.२ को मांगली देवी बडालको रु.११३३३।०० र ५४।०८२।३।१२ मा हर्नादेवी बोहराको रु.८८००।०० गरी कुल रु.२०१३३।०० दाखिला फिर्ता भएको देखियो। अतः पालिकाले ३५ दिनभित्रै घटना दर्ता गराउन जोड दिदै समयमै लगत कट्टा गर्नुपर्दछ।

९३.३ **पारदर्शिता र जवाफदेहिता** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद-७ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित नगरसभामा पेश गर्नुपर्ने र स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने उल्लेख छ । साथै स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम, दर्ता, तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थासमेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार-प्रसार गर्नुपर्ने र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका सञ्चार माध्यमहरुबाट प्रचार-प्रसार गर्ने व्यवस्था मिलाउनुपर्नेमा सोको पालना गरेको पाइएन र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्नेमा सो विवरण वेभसाइटमा राखेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढंगबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन । कार्यविधिको पालना गरी भत्ता वितरणमा पारदर्शीता कायम गर्नुपर्दछ ।

९३.४ **अनुगमन** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को परिच्छेद-६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन।

९३.५ **एक आर्थिक वर्षमा एक पटक-पटक पनि रकम नझिकेका लाभग्राही** - कार्यविधिको दफा २६ (३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ। पालिकाले बैंकबाट विवरण प्राप्त गरेको देखिएन । कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी नियमानुसार कार्य गर्नुपर्दछ ।

९४ **स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरवन्दी भन्दा बढी देहायका पदमा निम्नानुसार कर्मचारी नियुक्ति गरी तलव भत्ता भुक्तानी गरेको पाइयो। दरबन्दी भन्दा बढी कर्मचारी नियुक्तिको पुष्ट्याई तथा औचित्य पालिकाले पेश गरेको छैन । जसले गर्दा प्रशासनिक खर्चमा वृद्धि हुनुका साथै अन्य कार्य उपलव्धिमा समेत नकारात्मक असर पर्दछ । स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसमम्त नदेखिएको रु

| पद | स्वीकृत दरबन्दी | पदपुर्ति | दरबन्दी भन्दा बढी | तलब भत्ता |
|---|---|---|---|---|
| पशु सेवा सहायकस्तर चौथो | ६ | ७ | १ | ३२५००० |
| इन्जिनियर सहायकस्तर चौथो | ५ | ६ | १ | ३२५००० |
| **जम्मा रु.** | | | | **७०००००** |

| अनियमित भएको | ७,००,००० |
|---|---|

९५ **आन्तरिक आय**

९५.१ **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ६८,०१,२०९।-प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. ५२,४४,८८२।-अर्थात अनुमानको तुलानामा ७७.१२ प्रतिशत मात्र आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । पालिकाको आन्तरिक आय निम्न अनुसार आम्दानी भएको छ ।

| क्र.स | शीर्षक | अनुमान | प्राप्ति | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | सम्पती कर | २,७७,००० | ५६,४६१ | २०.३८ |
| २ | भुमिकर/मालपोत | ४,६२,००० | ४,५५,७६१ | ९८.६५ |
| ३ | वहाल कर | ० | ३,६५,७५४ | |
| ४ | पुर्वाधारसेवाको उपयोगमा लाग्ने कर | ८,००० | ० | ०.०० |
| ५ | अन्यमनोरञ्जन कर | ८०,००० | ० | ०.०० |
| ६ | कृषितथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ७७,००० | ० | ०.०० |
| ७ | अखेटोपहारमालाग्ने कर | ५,२०० | ० | ०.०० |
| ८ | अन्य कर | १,८९,८०० | ९१,२१२ | ४८.०६ |
| ९ | सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय | १०,००,००० | ० | ०.०० |
| १० | सरकारीसम्पतीको बिक्रीबाट प्राप्त रकम | ० | ३८,०४० | |
| ११ | विद्युतसेवा शुल्क | ० | ५,००० | |
| १२ | अन्य सेवाशुल्क तथा बिक्री | ३,८५,००० | ६,०२५ | १.५६ |
| १३ | न्यायिकदस्तूर | ० | १,१०० | |
| १४ | परीक्षाशुल्क | ० | २,२०० | |
| १५ | अन्यप्रशासनिक सेवा शुल्क | ३,८५,००० | ५८,७०० | १५.२५ |
| १६ | सिफारिशदस्तुर | ३,८५,००० | ६,४४,९८६ | १६७.५३ |
| १७ | व्यक्तिगतघटना दर्ता दस्तुर | १,९३,००० | १,२६,४९८ | ६५.५४ |
| १८ | नाताप्रमाणित दस्तुर | १५,००० | ७,०७५ | ४७.१७ |
| १९ | अन्यदस्तुर | ४,००० | ५९,७७९ | १४९४.४८ |
| २० | व्यावसायरजिष्ट्रेशन दस्तुर | ८,००० | ० | ०.०० |
| २१ | विद्युतसम्बन्धी दस्तुर | ० | ८०० | |
| २२ | प्रशासनिकदण्ड, जरिवाना र जफत | ८,००० | ० | ०.०० |
| २३ | धरौटीसदरस्याहा | १०,५०,००० | १२,३९,७१५ | ११८.०७ |
| २४ | अन्यराजस्व | ३,३५,००० | १३,४०० | ४.०० |
| २५ | व्यवसाय कर | २,३१,००० | २,०३,९२० | ८८.२८ |
| २६ | बेरूजू | ७,७०,००० | १८,६८,४५६ | २४२.६६ |
| २७ | बैंकमौज्दात | ९,३३,२०९ | ० | ०.०० |
| **जम्मा रू.** | | **६८,०१,२०९** | **५२,४४,८८२** | **७७.१२** |

९५.२ **राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा न ३ कार्यालयका लागी रसिद न ३१०० देखि ३७५० १४ ठेली र

१७०१ देखि १८०० सम्म लाई दिएकोमा वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । वडा न ३ कार्यालयवाट रु १९४१०२।- तथा जियो मिनरल्स प्रा.ली वाट १८६९ संकलन भएको विवरण पेश भएकोमा सबै रसिदका ठेलि पालिकामा नआएकोले यकिन गर्न सकिएन । पालिकाले राजश्वको दैनिक मासिक अभिलेख खाता नराखेको बैङ्क दाखिला रकम लाई नै असुली मानी श्रेस्ता तयार गरेकोले कार्यालयबाट स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

९६ **गत वर्षको प्रोत्साहन**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **५२,०९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

संपरीक्षणबाट थप भएको बेरूजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>भ्रमण खर्च नियमावली २०६४ को नियम ४ बमोजिम सरकारी रकम खर्च गर्ने कर्मचारि वा पदाधिकारीले सम्भव भए सम्म भ्रमण किफायति र कम खर्चिलो भ्रमण साधन प्रयोग गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नबमोजिम भौचरबाट कम खर्चिलोको साधन प्रयोग नगरी रिजर्भ गरेर भ्रमण खर्च लिने गरेको पाइयो । यसरी आवश्यकता र औचित्यतता वेगर भ्रमण खर्च वापत भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु
<table>
<tr><th>गो भौ नं मिति</th><th>कर्मचारीको नाम</th><th>भ्रमण स्थान</th><th>भ्रमण खर्च</th></tr>
<tr><td>४६४-०८१।१२।९५</td><td>विरसिंह धामी</td><td>दार्चुला देखि कन्चनपुर(२०८१-११।२१ देखि ११।२७</td><td>५०३००</td></tr>
<tr><td>११-०८२।२।१५</td><td>विरसिंह धामी</td><td>दार्चुला धनगढी १२।१२-१२।१८</td><td>५००००</td></tr>
<tr><td>११-०८२।२।१५</td><td>विरसिंह धामी</td><td>दार्चुला कन्चनपुर १२।१२-१२।१८</td><td>५००००</td></tr>
<tr><td>४०४-०८१।१०।२८</td><td>कृष्ण सिहं लोथ्याल</td><td>दार्चुला देखि रसुवा<br>धनगढी देखि काठमाँडौ प्लेनमा आतेजाते बाहेकोको गाडी रिजर्भ (९।१५ देखि १०।५)</td><td>६५०००</td></tr>
<tr><td>जम्मा रु</td><td></td><td></td><td>२१५३००</td></tr>
</table>
</td><td>२,१५,३००</td></tr>
</table>

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : दुहुँ गाउँपालिका, दार्चुला , दुहुँ गाउँपालिका , दार्चुला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| लेखा प्रमुख | गणेश दत्त भट्ट | २०७९-८-१६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,६५०,०७८ | ९,३२१,४१७ | ७,९६६,४१० | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १८,९३७,९०५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १,४१७,५०८ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | २१५,३०० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १७,७३५,६९७ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १४५००१३२.९८ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २२५७७८५६० | चालु खर्च | २४७१३८४२८.८ |
| प्रदेश सरकारबाट अनुदान | २२६०३७३५ | पूँजीगत खर्च | ५८७४८३९२.६१ |
| राजश्व बाँडफाँट | ५७३६९०६८ | वित्तीय/अन्य व्यवस्था | ९८७१६७७४.८४ |
| आन्तरिक आय | ५२७१२८१.७२ | | |
| अन्य आय | ८७९१८६४५.८१ | | |
| कुल आय | ३९८९४१२९०.५३ | कुल खर्च | ४०४६०३५९६.२५ |
| बाँकी मौज्दात | | ८८३७८२७.२६ | |

## अनुसूची - २

## बेरूजु दफा ११ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| सि.नं. | मिति | भौ.नं. | खर्चको विवरण | रकम |
|---|---|---|---|---|
| १ | ०६/२१/२०८१ | १०३ | वडा नं ३ को चियापान खर्च | २४,००० |
| २ | ०८/१२/२०८१ | १७४ | वडा नं ५ को चियापान खर्च | ३१,९५० |
| ३ | ०९/०१/२०८१ | २५७ | वडा नं ४ को चियापान खर्च | ३,००० |
| ४ | ०९/०१/२०८१ | २५८ | वडा नं ४ को चियापान खर्च | ३२,००० |
| ५ | ०९/०१/२०८१ | २५९ | वडा नं १ को चियापान खर्च | ३२,००० |
| ६ | ०९/२३/२०८१ | ३०९ | वडा नं ३ को चियापान खर्च | २४,००० |
| ७ | १०/०३/२०८१ | ३२६ | वडा नं २ को चियापान खर्च | ४८,००० |
| ८ | ११/०२/२०८१ | ४२२ | कार्यालय कामकाज खर्च | १८,३४० |
| ९ | १२/१३/२०८१ | ४९५ | वडा नं १ को चियापान खर्च | २४,००० |
| १० | १२/२०/२०८१ | ५४२ | वडा नं ५ को चियापान खर्च | ३१,७९० |
| ११ | ०१/१०/२०८२ | ५९८ | वडा नं १ को चियापान खर्च | १६,००० |
| १२ | ०२/०५/२०८२ | ६५२ | वडा नं ४ को चियापान खर्च | ४०,००० |
| १३ | ०२/०६/२०८२ | ६५५ | वडा नं ३ को चियापान खर्च | २४,००० |
| १४ | ११/०९/२०८१ | ४२९ | गाउँपालिकामा चियापान खर्च | ११,१६५ |
| १५ | ११/१२/२०८१ | ४३३ | PRE Screning शिविर कार्यक्रमको खर्च | १५,६०० |
| १६ | ११/१२/२०८१ | ४३४ | कार्यालय | ४,८०० |

| | | | | |
|---|---|---|---|---|
| | | | संचालन खर्च | |
| १७ | ११/१९/२०८१ | ४५३ | न्यायिक समितिको वडा अनुगमन खाजा खाना खर्च | ३८,२७० |
| १८ | ११/१९/२०८१ | ४५४ | ग्यास सिलिण्डर भराई | ४१,००० |
| १९ | १२/१३/२०८१ | ५०० | स्वतन्त्र विद्यार्थि युनियन भुक्तानि | २५,००० |
| २० | १२/१३/२०८१ | ५०१ | ग्यास सिलिण्डर भराई | ३७,३४० |
| २१ | १२/२०/२०८१ | ५३७ | उपनिर्वाचन अतिथि सत्कार खर्च | १९,८७५ |
| २२ | १२/२२/२०८१ | ५५२ | आगलागि भएको प्रहरि सेनाहरुको खाएको खाना खर्च | ४,५०० |
| २३ | ०१/०४/२०८२ | ५९५ | कार्याल संचालन खर्च | २५,५७५ |
| २४ | ०१/१०/२०८२ | ६०० | होलि कार्यक्रम खर्च | २६,५०० |
| २५ | ०१/१४/२०८२ | ६१८ | बजेट तर्जुमा बैठक खर्च | ५,०३५ |
| २६ | ०१/१५/२०८२ | ६२० | आगलागि नियन्त्रणका लागि सुरक्षाकर्मिले खाएको खाना खाजा खर्च | १,९०० |
| २७ | ०२/०६/२०८२ | ६५९ | गाउँपालिकामा चियापान खर्च | ३९,८६० |
| २८ | ०२/०६/२०८२ | ६६० | कार्यालय संचालन खर्च | ६,९०० |

| | | | | |
|---|---|---|---|---|
| २९ | ०२/०६/२०८२ | ६६० | कार्यालय संचालन खर्च | ६,८०० |
| ३० | ०३/१५/२०८२ | ७७६ | कार्यालय संचालन खर्च | ८,९५७ |
| ३१ | ०५/२३/२०८१ | ६ | कार्यालयको खाना खाजा खर्च | ९७,६०० |
| ३२ | ०६/०६/२०८१ | १३ | अतिथि सत्कार खर्च | ९८,००० |
| ३३ | ०६/०७/२०८१ | १६ | कार्यक्रम खर्च | १९,६४० |
| ३४ | ०६/०९/२०८१ | ५८ | वडा नं २ को चियापान खर्च | ३,७६० |
| ३५ | ०६/१०/२०८१ | ६६ | गाडी पूजा खर्च | १९,६९० |
| ३६ | ०७/२०/२०८१ | १५६ | गाउँपालिकामा चियापान खर्च | ५७,६०० |
| ३७ | ०८/१३/२०८१ | १८० | हातहतियार पुजा कार्यक्रम खर्च | ३२,९०० |
| ३८ | ०८/१४/२०८१ | १९१ | योग दिवशमा कार्यक्रमको खाना खर्च | १४,३०० |
| ३९ | ०८/१६/२०८१ | १९५ | गाउँपालिकाको खाना खाजा खर्च | ७३,७२० |
| ४० | ०८/१७/२०८१ | २०८ | जेसिबि मर्मतको क्रममा मिस्त्रिहरुको खाना खाजा खर्च | ३४,४०० |
| ४१ | ०८/१९/२०८१ | २१८ | वडा नं ४ को चियापान खर्च | १५,७५० |
| ४२ | ०८/२०/२०८१ | २२१ | ब्रह्मदेव मन्दिरमा विद्युतिकरणको खर्च | १०,२५० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ४३ | ०८/२३/२०८१ | २२७ | वृक्षारोपण कार्यक्रमको खर्च | १००,००० |
| ४४ | ०८/२४/२०८१ | २३४ | गाउँपालिकामा चियापान खर्च | ४,१२० |
| ४५ | ०९/०१/२०८१ | २५१ | अतिथि सत्कार खर्च | ५,२५० |
| ४६ | ०९/०२/२०८१ | २६२ | बजार अनुगमन खर्च | ११,६६० |
| ४७ | १२/१३/२०८१ | ५०१ | ग्यास सिलिण्डर | १,३६० |
| ४८ | ०२/२०/२०८२ | ६५७ | गाउँपालिकाको खाना खाजा खर्च | ४५,८३० |
| ४९ | ०२/२०/२०८२ | ६७७ | गाउँपालिकामा चियापान खर्च | १९,५०० |
| ५० | ०२/२०/२०८२ | ६७७ | अतिथि सत्कार खर्च | १६,२०० |
| ५१ | ०२/२०/२०८२ | ६७८ | अतिथि सत्कार खर्च | ५८,४५० |
| ५२ | ०२/२२/२०८२ | ६८३ | सोलार जडानको खर्च | २,५०० |
| ५३ | ०२/२३/२०८२ | ६८५ | वडा नं १ को चियापान खर्च | १३,४४० |
| ५४ | ०३/१५/२०८२ | ७७६ | कार्यालय संचालन खर्च | ५०,७८८ |
| ५५ | ०३/१९/२०८२ | ८१४ | गाउँपालिकामा चियापान खर्च | १३,३०० |
| | | | जम्मा | १,४८८,१६५ |

## बेरूजु दफा ८४ सँग सम्बन्धित विवरण - अनुसूची -४

| विद्यालयको नाम | कर्मचारी | पद | रकम | थप दिएको | वार्षिक र चाडपर्व |
|---|---|---|---|---|---|
| श्री दहधार आ वि गुना | सुनिता महता | वा स | १०००० | ३००० | ३९००० |
| | जोगी डडाल | का स | ९००० | २००० | २६००० |
| श्री भवानी आ. वि, भगनाही | विमल जोशि | बा स | १०००० | ३००० | ३९००० |
| | लक्ष्मी दत्त भट्ट | का स | ९००० | २००० | २६००० |
| श्री गणेश मा. वि, सिमली | राकेश ब बम | विक | ७५०० | ४००० | ५२००० |
| | हेमन्ति बम | बा स | १०००० | ३००० | ३९००० |
| | अमर ब बम | का स | ९००० | २००० | २६००० |
| श्री टुडिखेल आ. वि. खर्रा | लक्ष्मी बम | बा स | १०००० | ३००० | ३९००० |
| | करनसिहं धामी | कास | ९००० | २००० | २६००० |
| श्री दुर्गास्थान आ. वि, खेती | भुरी जोशी | बा स | १०००० | ३००० | ३९००० |
| | पदम राज जोशी | का सः | ९००० | २००० | २६००० |
| श्री गौरितमाण्डी मा. वि. हिकित | महेश सिंह कार्की | विक | ४५०० | १००० | १३००० |
| | सस्वती जोशी | बा स | १०००० | ३००० | ३९००० |
| | कृष्ण दत्त जोशी | का स | ९००० | २००० | २६००० |
| श्री धारीपाटा मा. वि, धारी २० २१ | भुपेन्द्र सिंह डडाल | वि क | ७५०० | ४००० | ५२००० |
| | भुपेन्द्र सिंह कार्की | बा स | १०००० | ३००० | ३९००० |
| | कलावति कुवर | का स | ९००० | २००० | २६००० |
| श्री भगवती आ. वि, पोक्से | सरिता कार्की | बा स | १०००० | ३००० | ३९००० |
| | गोवर्धन कार्की | का स | ९००० | २००० | २६००० |
| श्री बहम आ. वि, पासु | रम्भा देनी लुवार | बा स | १०००० | ३००० | ३९००० |
| | हरक ब कुवर | का स | ९००० | २००० | २६००० |
| श्री भुमिराज आ. वि. कम्दा | गोमति कार्की | बा स | १०००० | ३००० | ३९००० |
| | मदन सिंह डडाल | का स | ९००० | २००० | २६००० |
| श्री महादेव आ. वि. फारा | रन्जु कुवर | बा स | १०००० | ३००० | ३९००० |
| | प्रकाश कुवर | का स | ९००० | २००० | २६००० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| श्री लटिनाथ आ. वि, बोहरीगाउँ | गोमति बोहरा | बा स | १०००० | ३००० | ३९००० |
| | जे बहादुर बोहोरा | का स | ९००० | २००० | २६००० |
| श्री दुर्गा आ. वि. गरमीरा | किसान सवान्त | बा स | १०००० | ३००० | ३९००० |
| | जसि महर | का स | ९००० | २००० | २६००० |
| श्री हुनैनाथ आ. वि, बरपाली | भागरथि महर | बा स | १०००० | ३००० | ३९००० |
| | मोहन सिंह महर | का स | ९००० | २००० | २६००० |
| ३२ श्री मष्टकेदार आ. वि, गोकुल | कमला डडाल | बा स | १०००० | ३००० | ३९००० |
| | प्रेम सिंह डडाल | का स | ९००० | २००० | २६००० |
| श्री सोमनाथ आ. पि. सुत्खोला | धन सिंह डडाल | बा स | १०००० | ३००० | ३९००० |
| | डम्मर सिंह डडाल | का स | ९००० | २००० | २६००० |
| श्री पिपलचौरी मा वि बिण | महेन्द्र बोहोरा | वि क | ४५०० | १००० | १३००० |
| | मनिसा बम | बास | १०००० | ३००० | ३९००० |
| | जयानन्द भट्ट | का स | ९००० | २००० | २६००० |
| श्री सौविधार आ वि सौतोली | इश्वरी बम | वा स | १०००० | ३००० | ३९००० |
| | जय बहादुर बम | का स | ९००० | २००० | २६००० |
| श्री जनविकास मा वि बारबजि | कृष्ण सिंह कार्की | वि क | ४५०० | १००० | १३००० |
| | भागरथि जोशी | वा स | १०००० | ३००० | ३९००० |
| | कलावति कार्की | का स | ९००० | २००० | २६००० |
| श्री भूमिराज बा बि के नरोता | धाना कार्की | बा स | १०००० | ३००० | ३९००० |
| **जम्मा रु** | | | | | **१४१७०००** |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- दश शैया हस्पिटलको पटक पटक म्याद थप भएको भएता पनि हालसम्म सम्पन्न भएको देखिएन । समयमा नै सम्पन्न गरी उक्त हस्पिटललाई उद्देश्य अनुरूप सञ्चालनमा ल्याउनुपर्दछ ।